Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १६, अंक- १९, २०८० साल पुस ३ गते मंगलबार (Dec 19, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www.janaakash.com.np**
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।
**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइलः ९८५१०८७१५६**
**Email : janaakash.com.np@gmail.com**

# काठमाडौंमा २६४ वटा बस बिसौनी निर्माण गर्ने महानगर पालिकाको तयारी



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले २६४ ठाउँमा बस विसौनी निर्माण गर्ने योजना बनाएको छ । यातायात प्रणालीको सुधारका लागि बसको रुट मिलाउने, पेलिकन क्रसिङ् लाइट विस्तार गर्दै जाने, एकतर्फी सडकहरुको व्यवस्थापन गर्ने, मोटरसाइकल ग्यारेज सञ्चालनका लागि मापदण्ड बनाउने, सडकमा कोन र डिभाइडरको व्यवस्थापन गर्ने, पेट्रोल पम्प व्यवस्थापन गर्ने, सडक संकेत र चिन्ह व्यवस्थापन गर्नेलगायत काम गर्ने तयारी पनि महानगरले गरेको छ ।

यससँगै दैनिक उपभोग्य बस्तुको ढुवानी, मालबाहक सवारी, विद्यालयका बसहरुको समय निर्धारण गर्ने, पार्किङ्ग व्यवस्थापन गर्ने, विद्यालयमा यातायात प्रणाली सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन हुनेछन् । २९ औं महानगर दिवस २०८० का अवसरमा महानगरपालिकामा आयोजना गरिएको महानगरपालिका र ट्राफिक प्रहरी विच समन्वय तथा सहकार्य सम्बन्धी अन्तरक्रियामा यस सम्बन्धी जानकारी दिइएको हो ।

कार्यक्रममा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारीले, संघीय राजधानी सहरी क्षेत्र » बाकी ६ पृष्ठमा

# हल्लानै हल्लाको देश कतिन्जेलसम्म बनाउने

■ **मोहन कार्की**



**काठमाडौं–** नेपालका नेपालीहरु विदेशमा मात्रै झण्डै ६० लाँखको हाराहारीमा काम गर्न, पढ्ने वाहानामा गएको भन्ने छ । यता देशमा रोजगार नभएको हुनाले विदेशिनु परेको धेरै युवाहरुको भनाई छ । तर यहि नेपाल हो जाहा झण्डै झण्डै २० देखि २५ लाँख भारतीयहरुले नेपालमा रोजगारी पाइराखेकाछन् । तरकारी बेच्ने व्यापरी देखि, सिकर्मी,सुनचाँदी बनाउने कालीगढ, कपाल काट्ने हजम, डकर्मी, लगायत निर्माण कम्पनीका ईन्जिनियर समेत भारतीयछन् । त्यति मात्र काहा होर ठुला ठुला लगानी गर्ने भारतीय मुलका मानिसहरु समेत नेपालमा ढुक्कले व्यवसाय गरिरहेका छन् । कतिपय जापनीजहरुले नेपालमा कृषि फाम खोलेर आम्दानी गरिहेकाछन् । त्यस्तै अन्य विदेशीले पनि नेपालमा व्यवसाय गरेर मनग्य आम्दानी गरिरहेको देखिन्छ ।

यता नेपालका राष्ट्रवादी भन्ने युवाहरु,दिनभर राष्ट्रवादका कुरा गर्ने विदेशीले बनाईदिएको मोवाईलमा झुम्मिने, बेलुका भारतले ईन्जेक्शन हानेर फलाएको तरकारी बोकेर कोठा जाने, मै हु भन्दै साढे बनेर हिडिरहेकाहरु युवाहरु हल्लाको पछि लागेर राजनीतिक पार्टीको कार्यक्रम अध्यक्ष, सचिव,उपाध्यक्ष, कोषध्यक्ष,जस्ता अनुहार देखाउन र मै हु भन्नका लागि आफै बरालिएर अरुलाई समेत बरालेर हिडेको देखिन्छ ।

अर्को एक खालका युवाहरुको हल्ला विदेशमा जाने बित्तिक्कै आकाशवाट पैशा झर्ने जसरी हौवाको पछि लागेका देखिन्छन् । सीप केही नसिक्ने, बाकी रहेको समय राजनीतिक पार्टीहरुको कार्यकर्ता बनेर हिड्ने अनि जव व्यवहारिक अर्थात विवाह बन्धनमा बाधिन्छन् तव अर्थिक ब्यायभार थपिन थालेपछि पासपोर्ट बनाएर विदेश लाग्ने यस्तो छ । नेपाली युवाहरुको अवस्था हुनत सवै दोष राजनीतिक पार्टी र युवाहरुलाई लगाएर मात्र पार पाइदैन ।

यस्तो वातावरण सृर्जना गर्ने अरु कोही नभएर सरकारमा पुगेका नेपालीको नीति निर्माण गर्न सम्बन्धित निकायमा पुगेका जिम्मेवार व्याक्तिहरुले जिम्मेवारी भुलेर गरेका केही नकरात्मक कामले आजको अवस्था आएको मान्न सकिन्छ ।

### के निरासा मात्र छ देशमा ?

सवैतिर नेपालप्रति नकरात्मक सोच्नेहरुको लागि नेपाल देशमा केही छैन, बिग्रीयो, भत्कियो, सकियो भन्ने लागेको देखिन्छ । त्यो विशेष गरेर भारततिरवाट आएका भारतीय मुलका व्यापारीले बढी यस्तो हल्ला फिजाउने गरेको देखिन्छ । भने अर्को चिनतिरको प्रभावमा व्यापार गरिरहेका नेपाली मुलका व्यापारीहरुले यस्तो हल्ला फिजाएको भेटिन्छ । त्यसैको पछि लागेर नेपालको बिग्रेको सरकारी संरचना, नियत खराब भएका केही कर्मचारी, राजनीतिक पार्टीका केही नेता र समाजभित्र नै रहेका सघ, संस्थामा लागेका कुविचार भएका मानिसलाई देखाएर यो नेपाल बिग्रेको, सकिदै गएको तर्क गर्ने गरेको देखिन्छ ।

नेपाल सम्भ्वाना नै सम्भावनाको देश हो भन्ने कुरा गर्ने मानिस थोरै मात्र रहेको र त्यस्ता योजना ल्याउन सक्ने, काम गर्न सक्नेहरुलाई निरुत्साहित पार्ने » बाकी ६ पृष्ठमा

# चिसोसँगै अस्पतालमा बिरामीको चाप बढ्दो




**वीरगञ्ज–** पर्सामा चिसो बढेसँगै रुघाखोकी, ज्वरो र श्वासप्रस्वासका बिरामी बढ्दै गएका छन् । केही दिनयता बढेको चिसो र शीतलहरका कारण सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी ह्वात्तै बढेका हुन् ।

वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ । दुधेबालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास र निमोनियाको समस्याबाट पीडित भएका छन् ।

पछिल्लो केही दिनयतादेखि बढेको चिसोका कारण अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए । रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी दैनिक ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको बताए ।

# जागेश्वर उच्च मा.बिको ४८ औं अभिभावक दिवस सम्पन्न




**काठमाडौं–** गोरखा जिल्लको भिमसेन थापा गाउँपालिका वडा नं ८ महादेबटारमा रहेको जिल्लाकै पुरानो बिद्यालय जागेश्वर उच्च माध्यमिक बिद्यायको ४८ औं अभिभावक दिवस तथा बार्षिक उत्सब कार्यक्रम गरिएको छ ।

मङ्गलबार संघिय सांसद तथा पूर्व मन्त्री एकनाथ ढकालले पानसमा दिप प्रज्वलन गरेर बिधालयको बार्षिक उत्सवको उद्घाटन गरे । बार्षिक उत्वसमा बोल्दै संघिय सांसद एकनाथ ढकालले संसदमा बिचाराधिन अवस्थामा रहेको शिक्षा बिधेयकलाई तत्काल पारित गर्न पहल गर्ने बताए । उनले बिद्यालयलाई राजनीतिक मुत्त र प्रबधिमत्री बनाउने तर्फ लाग्नुपर्नेमा जोड दिदै आर्थिक अनिमियतिता, नैतिक बिचलनबाट टाढा राख्ने र बालमैत्री शिक्षा दिनुपर्ने बताए ।

सोही बिद्यालयका पूर्व बिधार्थी समेत रहेका सांसद ढकालले शिक्षाले मात्रै मानिसलाई न्यायको पक्षमा उभिन सक्ने बनाउने बताउँदै बिद्यालयले धोकन्ते बिद्या हैन ब्यबहारिक शिक्षा दिनु पर्ने बताए । उनले बिद्यालयले बिद्याथीहरुलाई घरमा नपाएको माया दिन सक्नु पर्नेमा जोड दिदै जीवनमा उच्च लक्ष्य र इमान्दार भएर अगाढि बढ्नु पर्ने बताए ।

उनले दुःख बिना सफलता आउँदैन भन्दै बिधालयलाई आवश्यक परेको बेला जस्तो सुकै सहयोग गर्न तयार रहेको बताए । पूर्वमन्त्री समेत रहेका ढकालले बिद्यालयले शैक्षिक गुणस्तर सुधार हुँदै गएको र अझै धेरै मिहेनत गरि २१ औं सताब्दी सुहाउदो अनुसन्धान मुलक शिक्षामा जोड दिने बताए । बिद्यालयको शैक्षिक तथा भौतिक उन्नतिकालागि अभिभावकहरुको भुमिका महत्त्वपूर्ण हुने बताए ।

सांसद ढकालले शिक्षा मानिसको तेश्रो आँखा भएको बताउँदै शिक्षा विना जिवन अन्धकार हुने भएकोले अवको शिक्षाले देश र जनता प्रति उत्तरदायी हुने नागरिक तयार गर्नु पर्नेमा जोड दिए । मौजुदा शिक्षा प्रणालीले उत्पादनसंग नजोड्न नसकेपनि प्राप्त श्रोत श्रोत साधनको उपयोग बिधार्थीलाई अनुशासति, ब्यबहारिक र लगनशिल बन्नमा उत्प्रेरित » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १९, २०८० साल पुस ३ गते मंगलबार (Dec 19, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### पुर्वधारको निर्माण गर्दा समावेशीता अपनाऔ ।

नेपालमा पुर्वधार जस्तै सडक, विद्युत, खानेपानी,अस्पताल लगायत पूर्वधारहरुको विकास गर्दा समावेशीता, सम्मान सुविधा पुग्ने तरिकाले निर्माण गर्नुपर्दछ । जसले नेपाल देशका जुनसुकै कुनामा रहेका नागरिकमा एकरुपता सुविधा पुगोस् ।

हुनत सरकारले सधै सवै नागरिकलाई सम्मान व्यवहार भन्ने सिद्धान्त लागु गरेको छ । त्यसमाथि विकट ठाउँहरुलाई प्रथामिकतामा राखेर काम गर्ने पनि भनेको छ । तर नेपालका मुख्य शहरमा सडक र गल्ली गल्लीहरुमा पेटी उप्काएर पुन: बनाउने गरेको हामी सवैले देख्दै आएका छौ ।

उत्ता देशका कुना-कुनामा ग्रबेल सडक समेत बन्न नसकेका र ग्रबेल भएका ठाउँहरुमा समयमा सम्भार नहुदा कतिपय ठाउँमा बिरामी बोक्ने एम्बुलेन्स समेत पुऱ्याउन समस्या भईरहेको छ । लेखाईका एकथरी भएपनि व्यवहारमा भने अर्कोथरी काम नेपालमा हुने गरेको छ । यसरी लेख्ने, बोल्ने एकाथरी काम गर्ने अर्कोथरी मानिसहरु नै नेतृत्वमा छन् ।

तिनै मानिसहरुले फेरी सार्वजनिकस्थलमा विकासका कुरा रट्न बाकी राख्दैनन् । उनिहरुले गरेका लेखाई, बोलाई र व्यवहारमा फरक परेको कारण देशलाई विकासमा परेको असर कतिपनि महसुस गर्दैनन् । किनकी उनिहरुलाई यस्तै चलनमा रमाउने बानी परिसकेको छ ।

त्यसकारण नागरिकहरुले जागरुक भएर आवश्यक नै नभएको ठाउँमा बाटो भत्काएर रकम सक्नु भन्दा त्यही रकम बाटो नै नबनेका ठाउँमा बाटो बनाउने वा बटो बनेको तर स्तरउन्नति हुन नसकेको बाटोलाई स्तरउन्नति गरेर मानव यात्रा गर्न योग्य बनाउनु चै अत्यन्तै महत्वपूर्ण काम हो ।

यो महत्वपूर्ण काम हाम्रो नेपालमा भईराखेको छैन । दैनिक हजारौ, लाखौ मानिस हिडडुल गर्ने र सवैले देखिरहेकै ठाउँहरुमा जाहा आवश्यक भनईकन पनि पेटी भत्काएर, सडक उप्काएर भत्काउने, बनाउने गर्दै रकम सिध्याउने काम गरिरहेको देखिन्छ । यस्तो शहरमुखी विकास कार्यले शोभनिय देखिएको छैन ।

ऐन नियमहरु पनि यसका समस्या रहेको पनि बताईन्छ । त्यस्ता नियम ऐनमा समस्या हुन भने पनि सम्बन्धित निकायले यस्ता नमिल्दा अशोभनिय देखिने खालका विकासका नियम कानुन, ऐन संशोधन गरेर भएपनि विकास हुन नसकेका ठाउमा विकास गरेर कुना कुनामा बसेका नागरिकहरुलाई पनि सुविधा दिन थाल्नुपर्छ भने शहरमा भएका यस्ता भद्धा खालका विकास होइन छरितो जसले उत्पादन गरी विदेश निर्यात गर्ने वा स्वदेशमा आवश्यक पर्ने सामान बस्तु उत्पादन गरेर हजारौ शहरवासी वा अन्य ठाउँवाट आएका मानिसहरुलाई रोजगार दिनसक्ने तरिकाको विकास गर्न थाल्नुपर्छ । यस्ता नयाँ तरिकाहरु अपनाएर विकासका कामहरु थाल्यौ भने नेपालको विकास समावेशी हुनसक्छ । शव्द समावेशी, समानता भनेर बोलेर हुदैन । व्यवहारमा उतार्न सक्ने हुनुपर्छ ।यस्ता तरिकाहरु अपनाउदा उत्तम हुन्छ ।

# श्रद्धाका मूर्ति ज्येष्ठ नागरिकप्रति सम्मान



मेदिनी शर्मा चुँदेली

भनिन्छ, मान्छे पढेर कि परेर जान्ने हुन्छ । यो नेपाली उखान हो । पढ्नु भनेको पुस्तकीय ज्ञान आर्जन गर्नु हो । पुस्तकको ज्ञानले धेरै जीवन्तता नपाउला तर अनुभवको ज्ञानले भने जीवन्तता पाएको हुन्छ ।

'आगो ताप्नु मुढाको कुरा सुन्नु बूढा'को लोकोक्ति यसै चलिआएको होइन । यसभित्र केही चुरो अवश्य लुकेको हुनुपर्छ । चुरो भनेको बाहिरी सतहबाट नदेखिने भित्रको कडा वस्तु हो । यसले दैवी प्रकोप धेरै खपेर आफ्नो अस्तित्व कायम गरिसकेको हुन्छ ।

त्यस्तै हाम्रो समाजका प्रतिष्ठित ज्येष्ठ नागरिकले पनि अनुभव र ज्ञानले खारिएर आफ्नो अस्तित्व कायम गरिरहेका छन् । तिनबाट अर्ति, उपदेश लिनु भनेको खारिएर निस्केको ज्ञान सञ्चय गर्नु हो ।

आफ्नो जीवनकालमा घटित घटनाको अध्ययन-चिन्तनबाट जीवन चलाइरहेका हुन्छन् । जाने-भोगेका कुराहरू मानसपटलमा दिगो रहिरहेका हुन्छन् र चाहेका बखत व्यक्त गर्न सकिने पनि हुन्छन् । हामीले पढ्ने गरेका पुस्तकहरु तिनै अनुभवका पारखी आँखाबाट बिछ्याइएका हुन् भन्न करै लाग्छ ।

समाजमा प्रयोग हुँदै आएका जडीबुटी एवं अन्य कन्दमूलको कुरा गर्ने हो भने, जडीबुडी प्रयोग गरेर शरीरको रोग शान्त पार्ने र कन्दमूलको सेवनले शरीर पुष्ट बनाउने तथ्य बाहिर ल्याउनु पनि तत्कालीन समाजको खोजपूर्ण अनुसन्धान मान्न सकिँदै न र ? समयको युगान्तकारी परिवर्तनले गर्दा वर्तमान परिप्रेक्ष्यमा वैज्ञानिकहरूले चन्द्रलोक, मंगल ग्रह, अन्तरिक्षको खोजी गरेजस्तै त्यतिखेरको खोजीद्वारा यहाँसम्म ल्याइपुऱ्याइदिनु त्यति सजिलो थिएन ।

आधुनिक भौतिकवादको मूल जग नै त्यतिखेरको यस्तै अनुसन्धान हो भनिन्छ । एक वस्तुको लोप नभई अर्को वस्तुको उत्पत्ति हुँदै न । थोपा-थोपाको विलय नभई सागर हुँदैन । जीवन भनेको सुख-दुःखको समिश्रण हो ।

जीवनमा सुखको खोजी गर्न दुःखसँग लाप्पा खेल्नुपर्दा आत्तिनुहुँदैन । दुःखमा नआत्तिनु सुखमा नमात्तिनु भन्ने उखान यसै चलिआएको होइन । हुन त भौतिक शास्त्रमा युवा-युवतीहरुलाई के थाहा ? वर्तमानको तीतोभित्र भविष्यको गुलियो छ भन्ने कुरा ।

अनेक दुःख-कष्ट भोगेर जीवन यात्रा टुंग्याउन लागेका आफ्ना अभिभावकका टाउकामा गिर खेल्न पल्केका आजका युवापिँढीमा होस होइन, जोशमात्र छउन्जेल उज्ज्वल भविष्यको सोच नभई वर्तमानको सुख-शान्तिको चाहनामात्र छ ।

राम्रो लाउनु, मीठो खानु, धेरै खर्चनुजस्ता भड्किला व्यवहार गर्न विनाउद्योग पितापुर्खाले आर्जेको सम्पत्तिले कसरी पुग्ला र ? अल्छ्याइँको दास बनेर वर्तमानको रमाइलोमा रमाइरहेका छन् विनाखूबीकाहरू । यो कस्तो अनौठो हो ? मातृदेवो भव, पितृदेवो भव, गुरुदेवो भव, स्वाध्यायन प्रमद (आमा, बाबु र गुरुलाई देवता मान, आफ्नो अध्ययनमा नचुक) जस्ता नैतिक उपदेश बूढापाकाका अनुभवबाट निस्केका हुन् ।

भूगोलका सबैलाई दाजुभाइ सम्झ भन्नेजस्ता नैतिक तथा आदर्श वाक्यहरुले नैतिक बाटो हिँड्ने प्रेरणा दिएका छन् । यस्ता आदर्श उपदेशको वास्तै नराखी डिस्को, डान्स, पप-गीतमा रम्न चाहने युवा-युवतीहरुबाट कसरी देश निर्माणको आशा गर्न सकिन्छ र ? पाश्चात्य विकृति भित्रिँदै गइरहेको सन्दर्भमा हाम्रा ज्येष्ठ नागरिक अनुभवविहीन भइसकेका छन् । उद्दण्डता र उच्छृङ्खलता बढ्दो छ ।

भौतिक उन्नतिले छोएका आधुनिक भनाउँदाहरु शहरमा चलचित्रको नक्कल गर्दै कलिलो उमेरमा अस्प्रस्फुटित यौनजन्य स्वभावले केटीहरुले केटा साथी र केटाले केटी साथी छानेर गर्ने गफमा रमाइलो मान्ने प्रवृत्ति बढ्दो छ । साथै वर्तमानको नेटजडित मोबाइलले एक-आपसमा माया-प्रेमको सम्बन्ध बढाएर, विचारको अपरिपक्वताले प्रथम गाँठो कसेर, घर-परिवारमा समस्या थपिदिने अनि व्यवहार पनि बिगार्न थालेका छन् ।

अहिलेको परिप्रेक्ष्यमा केटाकेटीहरूको हातमा रहेको मोबाइल नै अपरिपक्व वैवाहिक सम्बन्ध गराउने लमी भइरहेको छ । यसैले गर्दा अपरिपक्व विचारको परिणाम नेपालका जिल्लादेखि सर्वोच्च न्यायालयसम्म केटाकेटीको बीचमा भएको सम्बन्ध विच्छेद पत्रहरू चाङ लाग्न थालेका कुराहरू सुन्नमा आएका छन् । हो, मोबाइल सदुपयोग गरेमा विश्वब्रह्माण्डका बारेमा सम्पूर्ण ज्ञान प्राप्त हुन्छ ।

तर दुरुपयोगमा हत्या, हिंसा, मानव तस्करी, बलात्कार, सुनचाँदी पसलको लुटपाट, एसिडको प्रयोगजस्ता विकृति बढ्न गएको अनुभव ज्येष्ठ नागरिकले गरिरहेका छन् । जसले आफ्ना परिवारका लागि जीवन समर्पण गरे, मनभरि मीठा कल्पना साँचे, दुःख-सुखको अनुभवले पाके, तिनै ज्येष्ठ नागरिकहरू आजका युवा-युवतीहरूको भौतिकताप्रतिको मोह देखेर खिन्न हुन पुगेका छन् । उनीहरु चाहन्छन्, देशका कर्णधार युवा-युवतीहरू कुलतमा नफसून्, नैतिक र चरित्रवान् बनून् ।

अभिभावक अर्थात् आफ्ना आमाबाबुसमेत अपहेलित र तिरस्कृत हुन थालिसकेका छन् । बाँचुन्जेल आफ्ना बाबुआमाको दुःख-दर्द नचिन्ने, नजान्ने अनि देखेको भएर भौतिकतामा रुमल्लिरहेकाले शेषपछि गोहीको आँसु झारेर र पितृभक्ति देखाएर पिण्डपानी दिनुले के अर्थ राख्ला र ?

जन्म अवस्थाले गर्दा घर-परिवारका सदस्यहरू एक-आपसमा मिलेर बस्नुभन्दा उमेर पुगेपछि बाहिरिने परम्परा पाश्चात्य मुलुकमा भएजस्तै हाम्रो हिन्दू समाजमा पनि भित्रिएर परिवारका सदस्यबाट बिछोडिई दुःख पाइने हो कि भन्ने डरले ज्येष्ठ नागरिकहरूको मुटु काँपिरहेको छ ।

कतिपय घरमा बाबु-छोरा, सासू-बुहारीका बीचमा महाभारत मच्चिएको नदेखिएको र नसुनिएको पनि छैन । यसले हिन्दू संस्कृतिको आदर्शलाई नै भड्काउँछ । ओम् संस्कृतिको लोप गराउँछ । मातृ, पितृ, गुरुभक्ति, भ्रातृत्व, बात्सल्य, पति-पत्नी प्रेम, आतिथ्य सत्कार हाम्रो संस्कृतिका कुरा हुन् । हाम्रो हिन्दू संस्कृति एक-अर्काको कर्तव्यबोधमा अडेको छ ।

जन्माएर हुर्काउनेलाई आदर गर्नु र कृतघ्न बन्नु हाम्रो संस्कृति हो । एक-अर्कासित हातेमालो, सहयोग, सेवा, सद्भाव, स्नेहमा हाम्रो संस्कृति अडेकाले यसले शिष्टता, नैतिकता, क्षमाशीलता, धैर्यता आदिको पाठ सिकाएको छ । त्यसैले घर-परिवारका पाका तथा वर्तमानका युवा-युवतीहरू मिलेर बस्ने वातावरण पनि बिस्तारै बनाउँदै लैजानुपर्छ ।

ज्येष्ठ नागरिक भनेका समाजका ऊर्जावान् अगुवा हुन् । उनीहरूसित भएको ऊर्जालाई सदुपयोग गरी देश निर्माणमा लगाउन हामीले विभिन्न किसिमका कार्यक्रम दिन सक्नुपर्छ । ज्येष्ठ नागरिकलाई सम्मान गरिनुपर्छ ।

दैनिक जमघट गर्ने स्थान, धार्मिक चलचित्र प्रदर्शन, निःशुल्क स्वास्थ्य परीक्षण, देश दर्शन भ्रमण, धार्मिक प्रवचन, भजन-कीर्तनको व्यवस्था गरिनुपर्छ । त्यस्तै क्यासेट, टीभी, हार्मोनियम, तबला, वीणा, कर्ताली, मुजुरा, बाँसुरीजस्ता साधनका साथै खाजासमेतको व्यवस्था गरेर उनीहरुको पट्यार लाग्दो समयलाई मनोरञ्जन दिई व्यक्तित्व र अनुभवको कदर गर्न सक्नुपर्छ ।

भावी पिँढीमा ज्येष्ठ नागरिकहरुको आदर गर्नुपर्छ भन्ने भावनात्मक विकास गराउनुपर्छ । यसै कुरालाई ध्यानमा राखी सन् १९८२ को भियतनाममा सम्पन्न वृद्धवृद्धासम्बन्धी विश्व सम्मेलन अनुरूप संयुक्त राष्ट्र संघद्वारा पारित स्वतन्त्रता, सहभागिता, हेरविचार, आत्मपरिपूर्ति, सम्मानका यी पाँच सिद्धान्त राष्ट्रिय नीति र योजनामा समावेश गरी व्यवहारमा लागू गर्नुपर्छ ।

सन् १९९८ को वृद्धवृद्धासम्बन्धी मकाउ योजना र सन् २००२ को मोड्रेड अन्तर्राष्ट्रिय योजनामा वृद्धवृद्धाको विकास, स्वास्थ्य र समृद्धि अभिवृद्धि गर्ने भन्ने विषय समावेश गरेको पाइन्छ । त्यसै गरी तत्कालीन अवस्थामा नेपाल अधिराज्यको संविधान २०४७ को मौलिक हकमा व्यवस्था गरिए अनुसार वृद्धवृद्धाको विशेष व्यवस्थाको विषयलाई अहिले उत्तिकै संरक्षण गर्न जरुरी छ ।

२०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको पालामा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति अवलम्बन गरेअनुसार ज्येष्ठ नागरिकले भत्ता पाउँदै आइरहेका छन् । मनमोहनको सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गरेर ज्येष्ठ नागरिकलाई सम्मान दिन थालेको हो । यसलाई अहिले पनि सबै ज्येष्ठ नागरिकले सम्झने गर्छन् । २०५८/०५९ देखि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले कार्यक्रम चलाउँदै आए पनि त्यतिमा मात्रै चित्त बुझाउने अवस्था भने छैन । तर यस कार्यक्रमलाई सकारात्मकरुपमा लिनुपर्छ ।

नेपाल राज्यको संविधान २०७२ को भाग ३ धारा ४१ मा मौलिक हकसम्बन्धी व्यवस्था गरी ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएअनुसार शुरुका दिनमा दिएको सुरक्षा भत्तामा केही वृद्धि भएकाले समयसापेक्ष क्रमिकरूपमा वृद्धि गर्दै लैजानुपर्छ भन्ने आम ज्येष्ठ नागरिकको चाहना छ । औषधोपचार तथा यातायातमा सुविधाका लागि परिचय पत्रको व्यवस्था गरी पूरै नभए पनि ५० प्रतिशत छुट दिने निर्णयको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

औषधोपचार ज्येष्ठ नागरिकलाई निःशुल्क दिने भनिए पनि व्यवहारमा लागू हुन नसक्नु दुःखद पक्ष हो । त्यसैले निःशुल्क उपचारको व्यवस्था गरी यसलाई लागू गरिनुपर्छ । प्राणघातक रोगका लागि परिचय पत्रको आधारमा छुटको व्यवस्था भने गरिएको पाइएकै छ ।

छोराछोरीले आफ्नो आम्दानीको मासिक १० प्रतिशत आफ्ना मातापिताको हेरचाह, भरणपोषण, लालनपालनका लागि अनिवार्य छुट्याउनै पर्ने विधेयक संसद्मा पेस गरिँदै छ । यो समाचार सत्यतामा आधारित हो भने सरकारको कदम निकै सकारात्मक मान्न सकिन्छ । कोही कसैको अवस्था निःसन्तान रहेछ भने उनीहरुका लागि भने विशेष व्यवस्था गरिनुपर्छ ।

वृद्धवृद्धाको सम्मान गर्ने बानीको विकास गर्नुपर्ने र ज्येष्ठ नागरिक कक्ष स्थापना गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । परिवार तथा समाजको चेतनाको विकास गराउन र यसलाई अझ प्रभावकारी बनाउन अबको पाठ्यपुस्तकमा वृद्धवृद्धासम्बन्धी विषय समावेश गरी नैतिक शिक्षा दिन सके ज्येष्ठ नागरिकको सम्मान रहिरहनेछ । ज्येष्ठ नागरिकहरु हाम्रा श्रद्धाका मूर्ति हुन् ।

उनीहरु जिउँदा इतिहास हुन् । त्यसैले उनीहरूको सम्मान गर्नु भनेको शिक्षित तथा अनुभवी व्यक्तिहरूको सम्मान गर्नु हो । उनीहरूको ऊर्जाको कदर गर्नु हो । भविष्यमा आफैँ पनि कदर हुनु हो । यस गम्भीर र संवेदनशील विषयका बारेमा सबैले दायित्वबोध गरौँ ।

*(लेखक शर्मा भानु-६, चुँदी, तनहुँका ज्येष्ठ नागरिक हुनुहुन्छ ।)*

# गीत संगीतमा रमाउँदै आधुनिक गायक रबिन भुसाल



**काठमाडौं–** सुमधुर स्वरको धनी आधुनिक गायक रविन भुसाल प्रतिभाशाली गायक हुन् । उनको आवाजले जोकोहीलाई मोहनी लगाउँछ ।

कोइलीको जस्तै सुमधुर स्वरमा आफ्ना भाका हालेर आधुनिक गीत गाउँदा कतै यो आवाज कोइलीको त हैन भनेर मानिसहरु चकित पर्ने गर्दछन् । साचिकै एकान्तमा बसेर रबिन भुसालका गीत सुन्ने हो । भने पीडा अनि दुख भुलाउन सकिन्छ । उनले गाएका आधुनिक बिधाका गीत सुन्ने हो भने जोकोहीको पनि चस्कै मन छुन्छ ।" अनि उनको गीतले भुलेर जानेहरुको याद दिलाउँछ । त्यो उनको मिठास शब्द अनि गाउने शैलीले सबैको मन छुन्छ ।तर यो आवाजले अझै पनि स्थान पाएको छैन ।

आधुनिक गायक रबिन भुसालको गीत संगीते अनुभव यस अंकमा यसरी प्रस्तुत गरिएको छ ।

रबिन भुसाल गीत संगीत क्षेत्रमा लागेका एक प्रतिभाशाली गायक हुन् । उनका झन्डै पाँच दर्जन भन्दा बढी गीत बजारमा सार्वजनिक भइसकेका छन् । कति गीतले इतिहास समेत रच्न सफल भएका छन् ।कति गीत युट्युब, टिकटक फेसबुकका पेजमा समेत चर्चित हुन पुगेका छन् । लोक आधुनिक गीतमा शब्द संगीत आवाज दिँदै आएका रबिन भुसाल गीत संगीत क्षेत्रमै भविष्य बनाउने आसमा केही वर्ष विदेशमा दुख गरेको बताउँछन् । उनै गायक भुशालसँग जन आकाश साप्ताहिकका विनोद कार्कीले गरेको कुराकानी यस अंङकमा समावेश गरेका छौ ।

**गीत संगीत भनेको तपाइँको बिचारमा के हो जस्तो लाग्छ ?**

"गीत संगीत भनेको मैले फेर्न सास जस्तै हो ।" एक छिन गीत नसुनी नगाई बस्नै सक्दिन मेरो लागी गीत संगीत सास लिनु बराबर हो । दुख सुख हरेक क्षणमा मलाई गीत चाहिन्छ । गीत संगीत भनेको मेरो जीवनको प्राण हो । एक मुठी सास रहेसम्म म गीत गुनगुनाइ रहन्छु ।"

**गीत संगीत क्षेत्र बाट आफ्नो रोजी रोटी चलाउन कतिको सहज छ तपाईँलाई ?**

"यो क्षेत्रबाट मलाई आफ्नो आवश्यकता पुरा गर्न एकदमै गारो छ । म पहिलो चरण सिडी चढ्दै छु । गर्न त मैलेपाँच दर्जनभन्दा बढी गीत गरीसके तर आर्थिक अवस्थामा भने अहिले पनि कमजोर नै छ हेरम कहाँ सम्म पुग्न सकिन्छ ।"

**गीत संगीत क्षेत्रबाट दर्शक श्रोताको कतिको माया पाउनुभएको छ ?**

मैले गाएको गीत दर्शकले सुन्दा धेरै वा-वा पाउने, बिग फ्यान भन्ने तर साथ सपोट चाही तेती धेरै नदिने भइराछ । जतिले साथ सपोट दिनुभएको छ । सबैलाई धन्यवाद दिन चाहान्छु ।

नेपाली गीत संगीत भनेपछि हुरुक्कै हुने आधुनिक गीतमा आफ्नो भोकल धेरै राम्रो भए पनि लोक गीत गाउन रुचाउने रबिन भुसाल लोक गीत हामी नेपालीको पहिचान रहेको बताउँछन् ।

**तपाई कस्ता खालका गीत सुन्ने र गुनगुनाउने गर्नुहुन्छ ?**

"मलाई मन पर्ने गीत भनेकै लोक गीत हो । मैले जस्तो खालका गीत गरे पनि मेरो मन मस्तिष्कमा लोक गीत छ हाम्रो परिवेश माटोको गीत भनेकै लोक गीत हो ।"

गीत संगीत क्षेत्रमा लामो अनुभव बोकेका रबिन भुसाल आफ्नो गीत संगीतको भविष्य दर्शकको हातमा रहेको बताउछन् ।

**यो गीत संगीत क्षेत्रलाई भोलीको दिनमा कसरी अगाडी बढाउने सोचमा हुनुहुन्छ ?**

"भोली के हुन्छ भन्न सक्दिन तर मैले गीत संगीतमा दिएको योग्दान मैले गीत संगीतमा गरेको मेहनत अनुसार संगीतले मलाई केहि न केही स्थान दिन्छ भन्ने आस राखेको छु । गन्तव्य चाही म यसै भन्न सक्दिन कहाँ सम्म पुग्छु भनेर ।"

गीत संगीत क्षेत्रमा धेरै सङ्घर्षका साथ अगाडी बढेका रबिन भुसाल पछिल्लो समय गीत संगीत क्षेत्र र कलाकारिता क्षेत्रमा प्रतिभा हुनेको लागि भन्दा पैसा हुनेका लागि स्थान रहेको बताउँछन् ।

**गीत संगीत क्षेत्रको भविष्य कस्तो छ । जस्तो लाग्छ तपाईँलाई ?**

"पछिल्लो समय हेर्न हो भन्ने गीत संगीत क्षेत्र प्रतिभा हुनेका लागि भन्दा पैसा हुनेको लागि स्थान बन्दै गएको छ । राजनीतिक क्षेत्रमा जस्तै गीत संगीत क्षेत्रमा पनि विकृति फैलिदै गएको छ । प्रतिभा हैन आफ्नो मान्छे हेरेर स्थान दिने प्रचलन बढ्दै छ । हाम्रो धर्म संस्कृति मूल्य मान्यतालाई तल झारी भ्युज कमाउनलाई समाजमा अराजक अस्लिल भिडियो ल्याउने कलाकारले गरिराखेका छन् ।

अलि कति पैसा लगानी गरेर दुई चार ओटा भिडियो खेल्नेअनि नेपाली कलाकार हो । भन्दै बाहिरा जाने प्रचलन बढ्दै छ । अहिले गीत संगीत क्षेत्रमा पनि धेरै विकृति फैलिएको छ ।

तर यो क्षेत्र भाग्यको क्षेत्र पनि हो कसको भाग्य कुन बेला चम्कन्छ । थाहा नै हुँदैन् । यो क्षेत्रमा दर्शको मन जितेपछि कहिले पछि परिदैन् सधैँ अगाडी हो । आउनुस नव प्रतिभा पनि आफ्नो प्रतिभा देखाएर अगाडी बढ्नुस ।" भन्दै जन आकाश मिडिया प्रा.ली ले निर्माण गरेको संगीत खबर कार्यक्रममा आधुनिक गायक तथा सर्जक रबिन भुसाल बताउँछन् ।

# १४ हजार बालबालिकाले एक सातादेखि पाठ्यपुस्तकबिनानै पढाइ सुरु



**काठमाडौं–** गत कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट प्रभावित ती जिल्लामा मंसिर पहिलो सातादेखि पठनपाठन थालिएको थियो तर भूकम्पले घर भत्किएर संगै शैक्षिक सामग्री पुरिँदा जाजरकोट र पश्चिम रुकुमका १४ हजार बालबालिकाले एक सातादेखि पाठ्यपुस्तकबिनानै पढाइ थालेका छन् ।

शिक्षा मन्त्रालयका अनुसार भूकम्पले पूर्ण क्षति पुऱ्याएका २ सय ८ विद्यालयका विद्यार्थीका लागि अस्थायी टहरामा पठनपाठन सञ्चालन गरिएको छ । ४ सय १८ विद्यालय भवनमा आंशिक क्षति पुगेको छ । त्रिपाललगायत अस्थायी टहरामा पढाइ गर्दै आएका विद्यार्थीसँग पाठ्यपुस्तकसमेत अभाव भएको गुनासो छ ।

रुकुम पश्चिमका ४१ हजार विद्यार्थीमध्ये ६ हजार विद्यार्थीको पाठ्यपुस्तक पुरिएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख ताराप्रकाश पुनले बताए । 'अस्थायी टहरा निर्माण गरेर विद्यालयहरू खुलेका छन्,' उनले भने, 'पाठ्यपुस्तक नभएका विद्यालयमा स्थानीय तहले उपलब्ध गराउँछन् ।' जाजरकोटको नलगाड नगरपालिकाका विद्यालय निरीक्षक बलवीर विकले पाठ्यपुस्तक क्षति भएका विद्यार्थीको संख्या पहिचान गरेर वितरणको प्रक्रियामा रहेको जनाए । प्रदेशको सामाजिक विकास मन्त्रालयसँग समन्वय गरेर सुर्खेतबाट पाठ्यपुस्तक मगाएको उनको भनाइ छ । 'पाठ्यपुस्तक गुमाएका विद्यार्थीलाई निःशुल्क उपलब्ध गरिन्छ,' उनले भने, 'प्रत्येक कक्षाका विद्यार्थीले छिट्टै पाठ्यपुस्तक सेट नै पाउँछन् ।'

शिक्षा मन्त्रालयले पाठ्यपुस्तक नभएका विद्यार्थीलाई तत्काल नयाँ पुस्तक बिक्रीवितरण गर्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार पुस्तक वितरण सुरु गरिएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव भोजराज काफ्लेले जनाए । 'वैशाखदेखि सुरु हुने नयाँ शैक्षिक सत्रका लागि पाठ्यपुस्तक खरिद गर्न स्थानीय तहमा बजेट पुगिसकेको छ । तत्कालका लागि त्यही बजेटबाट पुस्तक किनेर वितरण गर्न लागिएको हो,' उनले भने, 'सुर्खेत र धनगढीबाट जाजरकोट र रुकुम पश्चिमका पुस्तक पसलमा पाठ्यपुस्तक पठाएका छौं । पालिका र विद्यालयले किनेर विद्यार्थीलाई निःशुल्क वितरण गर्छन् ।' पुस्तक अभाव नहोस् भनेर पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र र निजी पब्लिकेसन्ससँग माग गरिएको उनले जनाए ।

शिक्षा मन्त्रालयले इकाइमार्फत संकलन गरेको तथ्यांकअनुसार पूर्ण र आंशिक गरी ६ सय २६ विद्यालयमा भूकम्पले क्षति पुऱ्याएको हो । ती विद्यालयका १८ सय १८ वटा कक्षाकोठामा क्षति पुगेको छ । जाजरकोटका १ सय ७३ विद्यालयका ५ सय १६ र रुकुम पश्चिमका ३५ विद्यालयका १ सय १६ कक्षाकोठा पूर्ण रूपमा क्षति भएको विवरण छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले २ कोठे भवन निर्माण गर्न ६ लाख र ४ कोठे भवनका लागि १२ लाख रुपैयाँ अनुदान दिने व्यवस्था छ । क्षति पुगेका भवन निर्माण गर्न ५४ करोड बजेट आवश्यक पर्ने अनुमान मन्त्रालयले गरेको छ । चालु शैक्षिक सत्रमा शिक्षा मन्त्रालयसँग भौतिक पूर्वाधार निर्माणतर्फ ४४ करोड बजेट विनियोजन भएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत मात्रै विद्यालय भवन निर्माणका लागि बजेट विनियोजन हुँदै आएको छ ।

आगामी वर्षको बजेटबाट पाठ्यपुस्तक नभएका विद्यार्थीलाई पुस्तक वितरण गर्ने, विद्यालय भवन निर्माणका लागि आर्थिक स्रोतको जोहो गर्ने र क्षति यकिन विवरण संकलनलगायत पुनर्निर्माणको योजना बनाउन केन्द्रबाट प्रभावित क्षेत्रमा टोली पठाउने निर्णय गरेको शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले बताए । निर्णयअनुसार विद्यार्थीसम्म पाठ्यपुस्तक पुऱ्याउने प्रक्रिया सुरु भइसकेको उनले जनाए । 'जनक शिक्षाले पाठ्यपुस्तक त्यहाँ पठाउँछ । विद्यालय र स्थानीय तहले खरिद गरेर विद्यार्थीलाई दिन्छन्,' उनले भने । क्षति पुगेका विद्यालय भवन निर्माण गर्न अर्थ मन्त्रालयसँग स्वीकृति लिएर स्रोतको खोजी गरिने उनले बताए ।

'तत्काल अस्थायी टहरा बनाएर कक्षा सञ्चालन भएको छ, स्थायी भवन बनाउन मन्त्रालयले योजना बनाउँदै छ,' सापकोटाले भने । त्यसका लागि केन्द्रको टोली जाजरकोट र रुकुमपश्चिम पठाएको उनले बताए । 'टोली फर्केपछि योजना बनाएर पुनर्निर्माण सुरु हुन्छ,' उनले भने । भूकम्पले ती जिल्लामा ६७ जना विद्यार्थी र एक शिक्षकको मृत्यु भएको थियो भने ७१ जना विद्यार्थी र दुई शिक्षक घाइते भएका थिए ।

भूकम्पमा परी ८ जना विद्यार्थीको बाबुआमा दुवै र ३६ जनाको बाबुआमामध्ये एकको मृत्यु भएको थियो । ३ सय ३३ विद्यालयका शौचालयमा समेत क्षति पुगेको तथ्यांक छ । केही विद्यालयका आईसीटी ल्याब, पुस्तकालय, घेराबार र सोलार सिस्टममा समेत क्षति पुगेको छ । रुकुम पश्चिम २ सय ८८ र जाजरकोटमा ४ सय ३१ वटा विद्यालय सञ्चालनमा छन् ।

# रामेछाप डायरी

## साँघुटार स्वास्थ्य चौकीलाई रामेछाप नगर अस्पताल बनाउने काम अन्तिम चरणमा



रामेछापको रामेछाप नगरपालिका वडा नं ३ मा रहेको साँघुटार स्वास्थ्य चौकीलाइ नगर अस्पताल बनाइने भएको छ । साँघुटार स्वास्थ्य चौकीलाइ नगर अस्पताल बनाइने प्रक्रिया अन्तिम चरणमा पुगेको रामेछाप नगरपालिकाका स्वास्थ्य शाखा संयोजक विष्णु बहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँको अनसार बाग्मती प्रदेश सरकार सशर्त अनुदान तर्फ एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुद्दढीकरण कार्यक्रम अन्तर्गत विभिन्न पदमा कर्मचारी भर्ना गर्ने काम सकिएको छ । अबको केही दिनमै अस्पतालका लागी आवश्यक सामाग्रीहरु व्यवस्थापन गरेर अस्पताल उद्धघाटन गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

५ वेडको अस्पतालमा डाक्टर सहितको स्वास्थ्यकर्मीहरुले सेवा दिने उहाँको भनाई छ । रामेछाप नगरपालिका वडा नं ३ का वडाअध्यक्ष दल बहादुर प्रधानका अनुसार साँघुटारमा नगर अस्पताल बनेपछि रामेछापका मात्रै नभएर ओखलढुंगाका नागरीकहरुले पनि सेवा पाउने छन ।

रामेछाप नगरपालिकाको केन्द्र रामेछाप बजारमा जिल्ला अस्पताल भएपनि भौगोलिक रुपमा टाढा रहेका वडा नं १,२,३ र ४ का नागरीकहरु र ओखलढुंगाको लिखु र चम्पादेवीका नागरीकहरुले अहिले पनि साँघुटार स्वास्थ्य चौकीबाटै सेवा लिँदै आएका छन । साँघुटारमा डाक्टरसहितको अस्पताल सुरु हुने खबरले त्यहाँका नागरीकहरुमा खुशी छाएको छ ।

## रामेछापको लिखुतामाकोशी गाउँपालिका-४ मा विद्युतीय प्रणालीमार्फत हाजिरी



रामेछापको लिखुतामाकोशी गाउँपालिका वडा नं ४ ले पालिकाभरीमै पहिलो पटक विद्युतीय प्रणालीमार्फत हाजिरी गराउन थालेको छ । गाउँपालिकाको कार्यालयमा समेत विद्युतीय हाजिरी नभएको सो पालिकामा वडा नं ४ ले भने विद्युतीय प्रणालीमार्फत हाजिरी गराउन थालेको हो ।

७ वटा वडा रहेको उक्त पालिकामा पहिलो पटक वडा नं ४ मा विद्युतीय हाजिरी उपकरण जडान गरिएको वडाअध्यक्ष दिपक पुलामी मगरले जानकारी दिनुभयो । वडा कार्यालयमा कार्यरत कर्मचारीहरुले र जिस्टरमा हाजिरी अपडेट गर्नुपर्ने झन्झटबाट मुक्ति पाउन विद्युतीय हाजिरी ल्याइएको उहाँको भनाई छ ।

सबै कर्मचारीको कामलाई प्रभावकारी ढंगले अघि बढाउने उद्देश्यले विद्युतीय हाजिर मेसिन जोडिएको वडाअध्यक्ष मगरले बताउनुभयो । हाजिरीमा प्रत्येक कर्मचारीहरको नाम, सम्पर्क नम्बर तथा संकेत विद्यतीय उपकरणमै सेट गरेर राखिएको छ । पालिकामै पहिलो पटक कर्मचारीको फिंगर प्रिन्टका आधारमा हाजिरी अपडेट गर्ने प्रविधि भित्राउन पाउँदा खुशी लागेको वडाअध्यक्ष पुलामी मगरले बताउनुभयो ।

## रामेछापमा बाग्मती प्रदेश भित्रका २० भन्दाबढी पत्रकारलाई मोबाइल पत्रकारिता तालिम

सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेश हेटौडाले २० भन्दाबढी पत्रकारलाई मोबाइल पत्रकारिता तालिम दिइएको छ । रामेछापको जिल्ला सदरमुकाम मन्थलीमा ५ दिनसम्म चलेको तालिको आज (शनिबार) समापन गरिएको छ ।

तालिम समापन कार्यक्रमको प्रमुख अतिथि

» बाकी ६ पृष्ठमा

जनआकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १९, २०८० साल पुस ३ गते मंगलबार (Dec 19, 2023)

# ग्लोबल आइएमई बैंकको १७ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडको १७ औं वार्षिक साधारणसभा बिहीबार काठमाडौंमा सम्पन्न भएको छ । साधारणसभाले आर्थिक वर्ष २०७९/०८० को कूल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरुलाई प्रस्ताव गरेको ८ प्रतिशत नगद लाभांश र १ प्रतिशत बोनश शेयर गरी जम्मा ९ प्रतिशत लाभांश दिने प्रस्तावलाई पारित गरेको छ ।

साधारणसभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पारित गर्नुका साथै आर्थिक वर्ष २०७९/८० को कुल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरुलाई प्रस्ताव गरेको बोनश शेयर तथा नगद लाभांश दिने प्रस्तावलाई पारित गरेको छ ।

बैंकले आर्थिक वर्ष २०७९/८० मा सञ्चालन मुनाफा १२ अर्ब ६९ करोड रुपैयाँ र कर पछिको मुनाफा ६ अर्ब ६९ करोड रुपैयाँ आर्जन गरेको थियो । प्रस्तावित बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी ३६ अर्ब १२ करोड रुपैयाँ ८७ लाख पुग्नेछ ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै बैंकका अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरुको परिपालना गर्दै आफ्ना शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताए । उहाँले बैंकले आगामि दिनमा आफ्नो व्यावसायिक रणनीतिक योजना अनुरुप व्यवसाय विस्तारका अन्य क्षेत्रमा समेत सन्तुलित वृद्धि गर्दै जाने बताउनुभयो ।

यसैगरी, उक्त साधारणसभाले संस्थापक शेयरधनी समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना समेत जम्मा ६ जना संचालकको निर्वाचन गरेको छ । संस्थापक शेयरधनीहरुमध्येबाट चन्द्रप्रसाद ढकाल, रामबहादुर भण्डारी र राधेश पन्त निर्वाचित हुनुभएको छ भने सर्वसाधारण शेयरधनीतर्फबाट नारायणप्रसाद पौडेल, मदनलाल जोशी र कृष्णप्रसाद शर्मा निर्वाचित भएका छन् । सबै सञ्चालक समिति सदस्यहरु निर्विरोध निर्वाचित भएका हुन् ।

आर्थिक वर्ष २०७९/८० मा बैंकको खुद व्याज आम्दानी तर्फ अघिल्लो वर्ष भन्दा ६ अर्ब ८१ करोड रुपैयाँले बृद्धि भएको छ । बैंकको खुद मुनाफामा अघिल्लो बर्षको तुलनामा ३४.९९ प्रतिशतले वृद्धि भई ६ अर्ब ६९ करोड रुपैयाँ कायम भएको छ । बैंकले सोही अवधिमा ४ खर्ब ३९ अर्ब रुपैयाँ भन्दा बढी निक्षेप संकलन गर्नुका साथै ३ खर्ब ७४ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी गरेको उल्लेख छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । देशका ७७ वटै जिल्लामा ३५५ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालय सहित ११०० भन्दा बढि सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकमा करिब ४ हजार कर्मचारीहरु कार्यरत रहेका छन् । बैंकले करिब ४५ लाख ग्राहकलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ ।

# सिटी एक्सप्रेसको "बिदेशबाट सिटी पठाऔं, योजनामा बिजेता हुनेहरूको नाम घोषणा

**काठमाडौं–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले "बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं" योजना अन्तर्गत मेगा बम्पर उपहार "आफुले पठाएको भन्दा १० गुणा बढी पाउने" बिजेताको नाम घोषणा गरेको छ ।

चिर्चित हास्य कलाकार साथै सिटी एक्सप्रेसका ब्राण्ड एम्बासडर जितु नेपाल र कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टण्डनको बिशेष उपस्थितीमा विद्दुतिय प्रणालीद्वारा विजेता छनौट गर्दा साउदी अरबबाट रेमिटान्स पठाउने राजु तामाङले आफुले पठाएको रकम रू ५३,०७५ (अक्षरूपी त्रीपन्न हजार पचहत्तर) को १० गुणा गरेर रू ५,३०,७५० (अक्षरूपी पाच लाख तीस हजार सात सय पचास) जित्न सफल भएका छन् ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले गत असोज १५ देखी मङ्सिर १५ गते सम्म चल्ने गरी समस्त नेपालीहरुको महान चाड २०८० सालको दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहकवर्गहरुसंग पर्वको खुशी साट्न लगातार ६१ दिन सम्म चल्ने "बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं" उपहार योजना घोषणा गरेको थियो ।

सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई जनही रु १००,००० , हरेक हप्ता ५ जनालाई जनही रु २५,००० साथै ६१ दिन लगातार हरेक दिन १०० जना विजेताहरुलाई जनही रु ५०० को वालेट टप् अप् र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १० गुणा बढी रकम पाउने योजनामा रहेको थियो । जसअन्तर्गत ६१०० जनाले दैनिक उपहार ( रु ५०० को वालेट टप् अप ), ४५ जनाले साप्ताहिक उपहार ( जनही रु २५,०००) र २ जनाले मासिक उपहार (जनही रु १००,००० ) जित्न सफल भईसकेका छन् ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ ।

# "मुक्तिनाथ कृषि कम्पनी" नेप्सेमा सुचिकृत




**काठमाडौं–** मुक्तिनाथ विकास बैंक मुख्य प्रवर्द्धक रही कृषि क्षेत्रमा देखिएका समस्याहरुको संस्थागत रुपमा दीगो समाधानमा अग्रणी भूमिका पूरा गर्ने गरी स्थापना भएको मुक्तिनाथ कृषि कम्पनी आज मिति २०८० साल मंसिर २८ गते विहीबारदेखि विधिवत रुपमा नेपाल स्टक एक्सचेञ्जमा कारोबार हुन लागेको कम्पनीले जानकारी दिएको छ ।

कम्पनी स्थापनाको ५ वर्ष भित्रमा सर्वसाधारणमा सेयर निस्कासन गरी निजी क्षेत्रबाट कृषिमा योगदान दिन पहिलो पब्लिक लिमिटेडको रुपमा मुक्तिनाथ कृषि कम्पनी सञ्चालनमा रहेको छ । स्थानीय सरकार, सामुदाय र सहकारी संस्थाहरुसंगको साझेदारी तथा सहकार्यमा स्थानीय माग र आवश्यकता बमोजिमको कृषि सम्बन्धी सेवाहरु प्रदान गर्न कम्पनीले सातै प्रदेशमा आफ्ना क्षेत्रीय कार्यालयहरु स्थापना गरी सकेको छ भने, ७७ ओटै जिल्लाहरुमा ४०० भन्दा बढी व्यवसायिक साझेदारहरु मार्फत पहूँच विस्तार गरी सकेको उल्लेख छ ।

कषि उत्पादन बृद्धिको लागि आवश्यक पर्ने सबै प्रकारका श्रोत साधनहरुको गुस्तरीय उपलब्धता, उत्पादित कृषि उपजहरुको बजार व्यवस्थापन र विशेषज्ञ प्राविधिक परामर्श सेवा सहितको सेवाहरु प्रदान गर्न संस्थागत संरचना नै दीगो र पारदर्शी हुने भएकोले मुक्तिनाथ कृषि कम्पनी पब्लिक लिमिटेड कम्पनीको रुपमा अगाडि आएको हो ।

यो कम्पनीलाई निजी क्षेत्रको पहिलो पब्लिक लिमिटेड कम्पनीको रुपमा सञ्चालनमा ल्याउन योगदान र सहयोग गर्नु भएका कम्पनी व्यवस्थापन समूह, नियमक निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । भनि कम्पनीले बिज्ञप्तिमार्फत सवैलाई धन्यवाद दिएको छ ।

# बीवाइडी डल्फीनलाई "वेष्ट वाई कार अफ यूरोप "२०२४" अवार्ड

**काठमाडौं–** बीवाइडीको पछिल्लो सफल मोडल डल्फीनले यूरोपकै प्रतिष्ठित अवार्ड 'वेष्ट वाई कार अफ यूरोप-२०२४' अवार्ड जित्न सफल भएको छ । यो अवार्ड यूरोपभर बिक्री हुने कारहरु मध्ये उत्कृष्टलाई 'अटोवेष्ट'ले प्रदान गर्दै आएको छ ।

उक्त प्रतिस्पर्धामा डल्फीनले अवार्ड हात पर्दा ठूला कार निर्माताका बलिया प्रोडक्टलाई उछिन सफल भएको हो । उक्त प्रतिस्पर्धामा दोस्रो स्थानमा हुन्डाई कोना र तेस्रो स्थानमा जीपको एभेन्जर परेका थिए । अष्ट्रियाको टिसडार्फ सहरमा रहेको सर्किटमा सबै प्रतिस्पर्धीलाई उतारिको थियो । त्यसको लागि यूरोपभरका ३१ देशबाट आएका अटोवेष्ट पत्रकारहरुले मतदान गरेर डल्फीनलाई अवार्ड दिएका हुन् ।

उनिहरुले डल्फीनलाई फिचर लोडेड क्याविन, आकर्षक डिजाइन, सुरक्षामा अब्बल र गुणस्तरिय प्रविधिको प्रयोग भएको पर्फेक्ट कारको संख्या दिएका थिए । त्यसमा सुरक्षीत र सफल ब्लेड ब्याट्रीको प्रयोगले सुरक्षामा नयाँ मानक स्थापित गरेको मानिएको छ ।

त्यसैले डल्फीनले २०. ०५७ अंकसहित पहिलो स्थान सुरक्षीत गर्न सफल भयो । अटोवेष्टका जुरीले पहिलो पटक कुनै पनि बीवाइडीको मोडललाई 'वेष्ट वाई कार अफ यूरोप २०२४ को अवार्ड दिएको हो । अवार्ड दिएपछि अटोवेष्टका अध्यक्ष भान भार्डीले भने, 'बीवाइडी डल्फीनले बजारमा आएदेखि नै उत्कृष्ट पर्फमेन्स दिएको छ । हामीले दशककै सन्तुलित अटोवेष्ट प्रतिस्पर्धा गराएका छौं । यसमा डल्फीनले एक विद्युतीय साधनको रुपमा योग्य भएर शिर्ष उपाधि जित्न सफल भएको छ ।'

मूल्य र गुणस्तर

जुरीहरुले डल्फीनको प्रशंसा गर्ने क्रममा यसको साइज, आरामदायीता र ड्राइभिङ प्लेजरलाई मुख्य आधार बनाएका थिए । सानो साइजमा धेरै स्पेश पाउन सकिने भएको कारण यसले संसारभर जो कोहीलाई लोभ्याई रहेको छ । अर्को यसको मूल्य पनि विश्वभर नै सबैलाई आश्चर्य चकित बनाउने खालको छ ।

नेपालमा पनि केबल ३९ लाख ८० हजारमा डल्फीन खरिद गर्न पाइन्छ । जुन सेग्मेन्टमा डल्फीन  उपलब्ध छ, त्यो सेग्मेन्टमा अन्य प्रतिस्पर्धी नै छैनन् भन्न सकिन्छ । यसका साथै, बीवाइडीको ई-प्लेटफर्म ३.० को जुरीहरुले प्रशंसा गरेका थिए ।

सुरक्षीत र फराकिलो

यूरो एनक्यापले गरेको क्र्यास टेष्टमा ५ स्टार रेटिङ पाउन सफल डल्फीन ३.० इ-प्लेटफर्म र ड्रागन फेस डिजाइनको कारण क्याविनमा प्रसस्त स्थान भएको कार हो । ह्याचव्याक सेग्मेन्टमा उपलब्ध डल्फीनको लम्बाई ४२९० मिलिमिटर, चौडाई छेउमा ऐना फोल्ड गरेको ठाँउसम्म २०१२ मिलिमिटर छ ।

डल्फीनमा २७०० एमएम लामो ह्वीलवेस दिइएको छ । यसमा ३४५ लिटर क्षमताको बुट स्पेश दिएको छ । अन्तर्राष्ट्रिय स्पेकमा ६०.४ किलोवाट आवर क्षमताको ब्लेड ब्याट्री दिइएको छ । नेपालमा भने ५१ किलोवाट आवरको ब्याट्रीमा डल्फीन उपलब्ध छ ।

ब्लेड ब्याट्री

बीवाइडीको आफ्नै उत्पादन ब्लेड ब्याट्रीबाट सुसज्जीत भएकाले यसको टिकाउपन, सुरक्षा र पर्फमेन्स सबै उत्कृष्ट रहेको छ । यो ब्याट्री कोबाल्ट, म्यानेजेज र निकेल रहित छ । यसमा लिथियम आइरन फस्फेट (एलएफपी) को प्रयोग गरिएको छ ।

अटोवेष्ट अवार्ड हात पारेपछि बीवाइडी यूरोपका प्रबन्ध निर्देशक मिचेल साउ भन्छन्, 'यो पुरस्कार हाम्रा लागि निकै गर्वको कुरा हो । यहि पेसामा रहेका जुरीको निर्णयबाट पाएको अवार्डले नयाँ गाडी किन्न चाहने ग्राहकको ध्यान तान्नेमा म विस्वथ छु । यसले हामीलाई नयाँ प्रोडक्ट अझ उत्कृष्ट र कम मूल्यको ल्याउन प्रेरित गरेको छ ।'

# अर्थ संसार

## ज्योति विकास बैंकद्वारा जर्बुटा स्वास्थ्य चौकी र खड्गभञ्ज्याङ स्वास्थ्य चौकीलाई बेबी वार्मर प्रदान



**काठमाडौं–** ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको हाम्रो विकास प्रवर्द्धन कोष  मार्फत सुर्खेतस्थित जर्बुटा स्वास्थ्य चौकी र नुवाकोटस्थित खड्गभञ्ज्याङ स्वास्थ्य चौकीलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर (न्यानो नानी) प्रदान गरेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालको उपस्थितिमा कार्यक्रम आयोजना गरि बेबी वार्मर हस्तान्तरण गरिएको हो । नवजात शिशु र विशेष गरी निरन्तर नर्सिङ सहयोग आवश्यक पर्ने गम्भीर रुपमा विरामी शिशु तथा चिसो वातावरणमा उपचार भइरहेका शिशुलाई अल्पतापबाट जोगाउन प्रयोग हुने उक्त बेबी वार्मर मेशिनहरु बैंकको सुर्खेत शाखा र रातमाटे शाखा कार्यालयको पहलमा प्रदान गरिएको हो ।

स्वास्थ्य चौकी जर्बुटामा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले स्वास्थ्य चौकीका हेल्थ असिष्टेन्ट अमर सुनार र वीरेन्द्रनगर नगरपालिका वडा नं १३ सुर्खेतका वडा अध्यक्ष दिपेन्द्र राज कोइरालालाई सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् ।

खड्गभञ्ज्याङ स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरुबाट स्वास्थ्य चौकीका पदाधिकारीहरु लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बिच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो ।

साथै, सोहि कार्यक्रमकाबीच अस्पतालका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरुलाई आविष्कार केन्द्रका स्वास्थ्य इन्जिनियर मार्फत बेबी वार्मर संचालन सम्बन्धि विशेष तालिम पनि प्रदान गराईएको थियो । नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने उक्त मेशिनबाट नुवाकोट जिल्लाको बिदुर नगरपालिका वडा नं. ३ स्थित खड्गभञ्ज्याङ स्वास्थ्य चौकी र सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ स्थित जर्बुटा स्वास्थ्य चौकीमा प्रसुति सेवा लिन आउने सेवाग्राही प्रत्यक्ष्य रुपमा लाभान्वित हुनेछन् ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ । ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा (ब्ट) मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

## प्रभु क्यापिटलका हितग्राहीलाई क्रिमसन हस्पिटलमा विशेष छुट

**काठमाडौं–**  प्रभु क्यापिटल लिमिटेडले क्रिमसन हस्पिटलसंग आफ्रना हितग्राही ग्राहकको लागि २ वर्षका लागि विशेष छूट समझौता गरेको छ । मिति १ पौष २०८० गतेका दिन दुबै पक्षबीच सो सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा क्यापिटलको तर्फबाट संचालन प्रमुख बसन्ता उपाध्याय तथा क्रिमसन हस्पिटलको तर्फबाट अध्यक्ष दुर्गा प्रसाद पाण्डेले हस्ताक्षर गरेका हुन् ।

सम्झौता बमोजिम प्रभु क्यापिटलका हितग्राही खातावालाहरुले तिलोत्तमा न.पा, मणिग्राम, रुपन्देहीको क्रिमसन हस्पिटलबाट चिकित्सा सेवा लिदा हस्पिटलले दिदैं आएको सबै प्रकारको सेवामा १५ पतिशत छूट पाउने भएका छन् । प्रभु क्यापिटलका हितग्राहीले प्रभु क्यापिटलमा डिम्याट खाता रहेको आधिकारिक प्रमाण (म्झबत ऋयलाष्चकबतष्यल)  तथा आफ्नो परिचय पत्र देखाई अस्पतालबाट पाउने प्रिभिलेज कार्ड मार्फत सो अफरको लाभ लिन सक्नेछन् । प्रभु क्यापिटलमा हितग्राही खाता खोल्ने सुविधा प्रभु बैंकको जुनसुकै शाखाहरुबाट पनि उपलब्ध रहेको छ ।

तिलोत्तमा न.पा, मणिग्राम ५, रुपन्देहीमा अवस्थित यो क्रिमसन हस्पिटल आधुनिक प्रविधियुक्त, विभिन्न सेवासुविधाहरू सहितको उत्कृष्ट मध्येको हस्पिटल हो, जसमा शीर्ष डाक्टरहरूको टोलीले उत्कृष्ट स्वास्थ्य सेवाहरू प्रदान गर्दै आईरहेका छन् । हस्पिटलले २४ सै घन्टा आपतकालीन सेवा, ओटी, ओपीडी, प्रयोगशाला, क्याथल्याब, सीटी-स्क्यान, डिजिटल एक्स-रे, फिजियोथेरापी, डायलासिस लगायतका विभिन्न चिकित्सा सेवाहरूका साथै जनरल आईसीयू, सीसीयू, न्यूरो सर्जरी आईसीयू र केबिन जस्ता थप सुविधाहरू पनि उपलब्ध गराएको छ ।

प्रभु क्यापिटल लिमिटेड मर्चेन्ट बैंकमा अग्रणी क्यापिटल हो जसले समयानुसारको प्रविधि अपनाउँदै आफ्ना ग्राहकहरुलाई मर्चेन्ट सेवा दिने, पूँजीबजारसँग सम्बन्धित सचेतना तथा तालिम कार्यक्रम गर्ने, आफ्ना उचयमगअत तथा लगानी योजनासंगै सामाजिक उत्तरदायित्व वहन साथै यस्ता व्यवसायिक समझौता मार्फत आफ्ना ग्राहकलाई अतिरिक्त सेवा सुविधा दिदैं आईरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# राष्ट्रिय फोटो पत्रकार समूहको बागमतिस्तरीय अधिवेशन सम्पन्न

■ मोहन कार्की

**धादिङ–** राष्ट्रिय फोटो पत्रकार समूह नेपाल बागमती प्रदेशको अधिवेशनको दोस्रो अधिवेशन सम्पन्न भएको छ। नारायण सिलवालको अध्यक्षता र त्रिपुरासुन्दरी गाउँपालिकाको अध्यक्ष राजु उप्रेतीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा सर्वसम्मत नारायण सिलवालको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो ।

बुधवार धादिङको सल्यानटारमा सम्पन्न प्रदेश समितिको दोस्रो अधिवेशनले उपाध्यक्षमा नुवाकोटका राजेन्द्र गजुरेल, सचिवमा रामेछापका कुमार श्रेष्ठ, कोषाध्यक्षमा मकवानपुरका धर्मेन्द्र दाहाल, सहसचिवमा नुवाकोटकि केरिना शाक्य सर्वसम्मत निर्वाचित भएको राष्ट्रिय फोटो पत्रकार समूहका केन्द्रीय सदस्य प्रदीप कुमार श्रेष्ठले जानकारी दिएकाछन् ।

प्रदेश समितिको सदस्यहरूमा रामेछापका राज लोहनी, धादिङका सन्तोष श्रेष्ठ, चितवनका होमनाथ सापकोटा, सिन्धुलीकी अनु परियार, सिन्धुलीकै उद्दव श्रेष्ठ निर्वाचित भएका छन् ।

राष्ट्रिय फोटो पत्रकार समूह नेपालको जिल्ला शाखाको अध्यक्षमा दुवाडी

त्यसैगरि मंसिर २८ गते सम्पन्न भएको राष्ट्रिय फोटो पत्रकार समूह धादिङ जिल्ला शाखाको अधिवेशनले पनि सर्वसम्मत नयाँ नेतृत्व चयन गरेको छ ।



धादिङ जिल्ला शाखाको अध्यक्षमा मनिष दुवाडी सर्वसम्मत निर्वाचित भएका छन् ।

धादिङ जिल्ला शाखाको तेस्रो अधिवेशनले अध्यक्ष श्रेष्ठसहित उपाध्यक्षमा अनिल नेपाली, सचिवमा शिवराज आचार्य, सह-सचिवमा सीता सापकोटा(शीतल) र कोषाध्यक्षमा गजेन्द्र तामाङ निर्वाचित भएका छन् । सदस्यहरूमा मनिष श्रेष्ठ, बिनोद तमु, दिलिप श्रेष्ठ र प्रभु खड्का चयन भएका छन् ।

उक्त कार्यक्रममा राष्ट्रिय फोटो पत्रकार समूह नेपालका केन्द्रिय समितिका पदाधिकारी सहित कार्य समितिका सदस्यहरू, बागमती प्रदेशका विभिन्न जिल्लाका प्रतिनिधीहरु, विभिन्न पत्रकार संगठनका प्रमुख तथा पत्रकारहरु, त्रिपुरासुन्दरी गाउँपालिकाका उपाअध्यक्ष सहित पाँच दर्जन भन्दा बढीको सहभागिता रहेको थियो ।

# जाजरकोट भूकम्पका लाभग्राही ५९ हजार एक सय ६२ कायम



**काठमाडौं–** जाजरकोट भूकम्पका लाभग्राही ५९ हजार एक सय ६२ कायम गरिएको छ । भूकम्पबाट प्रभावित पाँच जिल्लाका स्थानीय तहले सो सङ्ख्यामा लाभग्राही कायम गरेका हुन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार सुरुआतमा २८ हजार लाभग्राही कायम गरिएका थिए । उनका अनुसार दोस्रोपटक चार हजार लाभग्राही थपिएका थिए । भूकम्प प्रभावितलाई अस्थायी आवास निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णयबमोजिम विपद् व्यवस्थापन कोषबाट प्रभावित पाँच जिल्ला जाजरकोट, रुकुमपश्चिम, बझाङ, बजुरा र सल्यानमा रु एक अर्ब ४१ करोड रकम निकसा भइसकेको प्रवक्ता खड्काले बताए ।

जिल्लामा भूकम्पपीडितले सबै रकम अझै प्राप्त गर्न सकेका भने छैनन् । निकासा रकममध्ये आजसम्म रु एक अर्ब, चार करोड आठ लाख २५ हजार स्थानीय तहको खातामा पुगिसकेको उनले बताए । स्थानीय तहले कायम गरेका लाभग्राहीमध्ये १० हजार एक सय ५३ लाभग्राहीले अस्थायी आवास निमाण गर्ने सम्झौता गरेका छन् ।

सम्झौता गरेका ती लाग्राहीलाई स्थानीय तहले २४ करोड ६२ लाख ७५ हजार रुपैयाँ उपलब्ध गराएको प्रवक्ता खड्काले बताए । रकम प्राप्त गर्ने लाभग्राहीमध्ये रुकुम पश्चिममा दुई हजार चार सय २३ र सल्यानमा ४० गरी दुई हजार चार सय ६३ परिवार आफ्नै नवनिर्मित अस्थायी आवासमा बस्न थालेका छन् । पालिकामा कायम भएका लाभग्राहीमध्ये सम्झौता गर्न बाँकीलाई प्रथम किस्ता तथा सबैलाई दोस्रो किस्ताबापत लाग्ने रकम रु दुई अर्ब ६० करोड ५० लाख थप निकासा गरिदिन सम्बन्धित जिल्लाबाट माग आएको प्रवक्ता खड्काले बताए ।

# सौराहामा कोरोनापछि पहिलो पटक हात्ती महोत्सव

**चितवन–** वन्यजन्तु अवलोकनका लागि देशको मुख्य गन्तव चितवन राष्ट्रिय निकुञ्जको प्रमुख नाका सौराहामा पुस १० गतेदेखि १४ गतेसम्म १७ औं चितवन हात्ती तथा पर्यटन महोत्सव हुने भएको छ । क्रिसमस तथा अंग्रेजी नयाँ वर्षको अवसर पारेर महोत्सव आयोजना हुँदै आएको क्षेत्रीय होटल संघ चितवन सौराहाका अध्यक्ष गंगा गिरीले बताए ।

क्षेत्रीय होटल संघले आयोजना गर्दै आएको महोत्सवको मुख्य सहआयोजकमा युनाइटेड हात्ती सञ्चालक सहकारी संस्था लिमिटेड र रेस्टुरेन्ट एन्ड बार एसोसियसन (रेबान) नेपाल चितवन शाखा रहेका छन् । क्षेत्रीय होटल संघले सुरूमा सौराहामा हात्ती दौडका नाममा कार्यक्रम गर्दथ्यो । हात्ती दौड हात्तीको स्वभावअनुकूलको कार्यक्रम नभएको भनेर संरक्षणकर्मीहरूले प्रतिवाद गरेपछि स्वरूप बदल्दै महोत्सवको रूप दिइएको हो ।

यस पटक महोत्सवका सबै गतिविधि हात्तीका लागि अनुकूल हुने खालका रहेको महोत्सव आयोजक समितिका संयोजक ओमप्रकाश पाण्डेले बताए । हात्ती दौड, हात्ती फुटबल र हात्ती पोलोजस्ता कार्यक्रम नहुने, हात्ती श्रृङ्गार, हात्ती वनभोज गर्ने र आपसमा मिल्ने हात्तीहरूको लहर प्रदर्शन गर्ने पाण्डेले जानकारी दिए ।

सौराहाको पर्यटनको आधार नै हात्ती हो



। निकुञ्ज घुम्न आउने लाखौँ पर्यटकमध्ये अधिकांस हात्ती सफारी गरेर जंगल डुल्छन् । त्यसैगरी निकुञ्जमा जंगली हात्ती पनि ओहोरदोहोर गर्छन् । हात्तीको महत्व र स्वभाव बुझाउन महोत्सव अवधिभर विभिन्न कार्यक्रमहरू गर्ने क्षेत्रीय होटल संघका पूर्वअध्यक्ष दीपक भट्टराईले बताए । महोत्सव अवधिमा चितवनका अन्य पर्यटकीयस्थलको पनि प्रचार प्रसार र प्रवर्द्धन गर्ने उनले बताए ।

सधैं बाघमारा वनको चौरमा हुँदै आएको महोत्सव यस पटक रत्ननगरपालिका-७ चित्रसारीनजिक मौनाहाचौरमा हुने भएको छ । कोरोनाका कारण बीचका तीन वर्ष हुन नसकेको हात्ती महोत्सव कोरोनापछि पहिलो पटक हुन लागेको हो ।

# खेलकुद

## काठमाडौं र धनगढीबीच रोमाञ्चक बराबरी




**काठमाडौं–** काठमाडौं रेजर्स र धनगढी एफसीले सोमबार नेपाल सुपर लिग २०२३ मा रोमाञ्चक बराबरी खेलेको छ । दशरथ रंगशालामा भएको खेल १-१ को बराबरीमा टुंगिएको हो । यो खेल पछिल्लो संस्करणको फाइनल पुनरावृत्तिका रूपमा भएको हो ।

पहिलो संस्करणको फाइनलमा काठमाडौंले धनगढीलाई नै हर।एर उपाधि जितेको थियो । त्यस संस्करणको लिगमा पनि धनगढी काठमाडौंविरुद्ध विजयी रहेको थियो । अहिलेसम्म दुई टिमबीच भएका चार खेलमा यो पहिलो बराबरी हो । बाँकी खेलमा धनगढी दुईमा विजयी रहेको छ भने काठमाडौं एकमा ।

शीर्ष स्थानमा रहेको धनगढीको यो नतिजाछि ६ खेलबाट १२ अंक भएको छ । काठमाडौं भने ६ खेलबाटै ९ अंकमा चौथो स्थानमा रह्यो ।

धनगढीका लागि अहमद हिजाजीले १५ औं मिनेटमा गरे । काठमाडौंका डिफेन्डर आन्द्रेस निआले गरेको भुलमा बल लेवानानी फरवार्ड हिजाजीले नियन्त्रणमा लिँदै गोल गरे । त्यस लगतै काठमाडौंका प्रशान्त अवस्थीले पोस्टको नजिकबाट गोल गर्न चुकेका थिए ।

दोस्रो हाफको ६६औं मिनेटमा काठमाडौंका लागि किंगु ओलिभरले हेडबाट गरे । उनले टोजी डिनोभको कर्नरलाई गोलमा परिणत गरेका हुन् । पहिलो हाफमा रेफ्री प्रज्ज्वल क्षेत्री घाइते भएपछि उनको स्थानमा नवीन्द्र महर्जनले खेल सम्हालेका थिए ।

## २९औं आइजीपी ट्रफी : सेमिफाइनल समीकरण पूरा



काभ्रे – नेपाल पुलिस स्कुल साँगाको आयोजनामा जारी २९औं अन्तर विद्यालय आईजीपी फुटबल रनिङ ट्रफीको क्वार्टरफाइनल खेलमा आयोजक नेपाल पुलिस स्कुल ‘ए’, नेपाल पुलिस स्कुल धरान, ल्याबेरोटरी स्कुल र सैनिक आवासीय महाविद्यालय विजयी भई सेमिफाइनल प्रवेश गरेका छन ।

आइतबार भएको पहिलो खेलमा एनपीएस साँगा ‘ए’ ले बूढानीलकण्ठ स्कुललाई २-० गोल अन्तरले हराई सेमिफाइनलमा स्थान प्रवेश गरेको छ । आयोजक टिमको पदम चौलागाईं र प्रत्युश केसीले समान १-१ गोल गरे । अलराउन्ड प्रदर्शन गरेका प्रत्युश केसी म्यान अफ द म्याच घोषित भए ।

त्यस्तै, अर्को खेलमा एनपीएस धरानले काठमाडौं विश्वविद्यालय हाई स्कुललाई ७-० को गोल अन्तरले हरायो । धरानका रोमन खड्का म्यान अफ द म्याच घोषित भए ।

सोमबार भएको खेलमा ल्याबेरोटरी स्कुल कीर्तिपुरले नेपाल एपीएफ स्कुललाई ४-१ को गोल अन्तरले हरायो । ल्याबोरेटरीका लागि म्यान अफ द म्याच विज्ञान खड्काले एक्लैले ४ गोल गरे । एपीएफका लागि गौरव श्रेष्ठले सान्त्वना गोल गरे । दोस्रो खेलमा सैनिक आवासीय महाविद्यालयले नेपाल पुलिस स्कुल साँगा ‘बी’लाई ३-० ले पराजित गऱ्यो । खेलको पहिलो हाफसम्म बराबरीमा रहेको खेल दोस्रो हाफमा पुलिस स्कुल समालिन नसक्दा हार बेहोर्न बाध्य भयो । विजयी टिमका रोहित पौडेल म्यान अफ द म्याच घोषित भए ।

प्रतियोगिताको सेमिफाइनल खेलहरु पुस ४ गते हुनेछन् । जसमा नेपाल पुलिस स्कुल धरानले ल्याबोरेटरी स्कुलसँग र नेपाल पुलिस स्कुल साँगा ‘ए’ ले सैनिक आवासीय महाविद्यालयसँग सामना गर्नेछ ।

मंसिर २० गतेदेखि सुरु भएको प्रतियोगिता समापन पुस ६ गते नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरको प्रमुख आतिथ्यतामा हुनेछ । १६ विद्यालयका १७ टिम सम्मिलित प्रतियोगिताको पहिलो, दोस्रो र तेस्रो हुने टिमले क्रमशः ५० हजार, ४० हजार र ३० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् । यसका साथै व्यक्तिगत विधातर्फ उत्कृष्ट खेलाडीहरुलाई पनि विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १९, २०८० साल पुस ३ गते मंगलबार (Dec 19, 2023)

महानगरपालिकाको...

पृष्ठ १ बाट जारी

सार्वजनिक यातायात परिषद्को पहिलो बैठक सम्पन्न भइसकेको जानकारी गराउँदै सम्बद्ध कार्यालयहरुसँग सहकार्य अगाडि बढाइएको बताए ।

अन्तरक्रियामा प्रस्तुतिकरण गर्दै अतिरिक्त प्रहरी महानिरीक्षक पोषराज पोखरेलले महानगरपालिकासँगको सहकार्यमा जनशक्तिमा प्रोत्साहन बढ्ने, प्रणालीमा सुधार हुने काम गर्न सकिने बताए । बागमती, विष्णुमती, धोबीखोला र मनोहरा करिडोरलाई दुईतर्फी सञ्चालन गराउन पाए सवारी चाप गराउन सकिने बताउँदै पोखरेलले, यसका लागि महानगरपालिकाको भूमिका आवश्यक रहेको बताए ।

जागेश्वर उच्च मा.वि...

पृष्ठ १ बाट जारी

गर्नु पर्ने बताए ।

कार्यक्रममा भिमसेन थापा गाउँपालिकाका उपाध्यक्ष अमृतादेवी अवस्थीले विद्यालयलाई नुमना विद्यालयको रुपमा अगाडी बढाउन शैक्षिक, भौतिक तथा सामाजिक रुपले व्यवस्थित र विश्वसनियताको आधार निर्माण गर्नु पर्नेमा जोड दिईन् । उनले अभिभावक शिक्षा अव विद्यालयले हैन गाउँपालिकाले दिने बताउदै विद्यालयको भौतिक पक्षलाईमात्र ध्यान दिँदा विद्यालयमा बिधार्थीहरुलाई दिइने शैक्षिक कृयाकलालाई पनि बढी महत्व दिनु पर्ने बताईन् ।

शिक्षा विकास इकाई गोरखाका प्रमुख सुवास आचार्यले विद्यालयमा पढ्ने र पढाउने भन्दा पनि शिक्षकले किन र केका लागि कस्तो शिक्षा दिने भन्ने कुरा प्रष्ट हुनुपर्ने बताउदै बिधार्थीहरुले पनि मैले किन र के पढ्ने भन्नेबारे प्रष्ट हुन आवस्यक रहेको बताउनु बताए । उनले भने विधार्थीहरुमा पढेर देशमै केही गर्छु र आफै स्वरोजगार बन्छु भन्ने भावनाको विकास गर्न अभिभावक, शिक्षक र समुदायले फरक वातावरण श्रृजना गर्नु पर्ने बताए ।

विद्यालयका प्रधानाध्यापक यदुनाथ सापकोटाले विद्यालयको बार्षिक तथा शैक्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा गाउँपालिका स्तरिय मा.वि विद्यालयहरुको लोक नृत्य प्रतियोगिता आयोजना गरिएको थियो । १० विद्यालयको सहभागित रहेको लोक नृत्य प्रतियोगितामा श्री जागेश्वर उच्च.मा.वि प्रथम, नव जागृती चण्डी मा.वि दोस्रो तथा प्रभात मा.वि तेस्रो भएका थिए । उनिहरुलाई संघिय सासद ढकालले मेडल तथा प्रमाणपत्र प्रदान गरे ।

मोबाइल पत्रकारिता तालिम...

पृष्ठ ५ बाट जारी

समेत रहनुभएका बाग्मती प्रदेश सभा सदस्य एवं रामेछापका सांसद युवराज चौलागाईले तालिममा सहभागी पत्रकारहरुलाई प्रमाण पत्र प्रदान गर्नुभयो । सो कार्यक्रममा बोल्दै उहाँले सञ्चार रजिष्ट्राको कार्यालयले यो तालिम र मेछापमा आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

यसभन्दा अघि पनि सञ्चार रजिष्ट्राको कार्यालयले मन्थलीमै रेडियो प्राविधिकहरुका लागी तालिम संचालन गरेको थियो । उक्त कार्यक्रममा बो ल्दै सञ्चार रजिष्ट्रार रेवती प्रसाद सापकोटाले पत्रकारहरुलाई दक्ष बनाउन उनिहरुको आवश्यकता अनुसार तालिम प्रदान गर्दै आएको बताउनुभयो ।

आगामी दिनहरुमा पनि यस्ता तालिमहरुलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । यहि मंसिर २६ गतेदेखी सुरु भएको तालिममा बाग्मती प्रदे शभरका २० भन्दा बढी पत्रकारहरुको सहभागीता रहेको थियो ।

## प्रथम विद्यालय स्तरिय विश्वदर्शन योग प्रतियोगिता भक्तपुरमा सम्पन्न

**काठमाडौं-** विश्व दर्शन अभियान नेपालद्वारा 'प्रथम विश्वदर्शन योग प्रतियोगिता' सम्पन्न भएको छ । उक्त कार्यक्रममा राजधानीको विभिन्न १३ स्कुलका १५० भन्दा बढि विद्यार्थीहरु सहभागीता रहेको थियो । चाँगुनारायण-४, भक्तपुरको नेपाल इन्जिनियरिङ्ग कलेजमा आयोजित 'प्रथम विश्वदर्शन योग प्रतियोगिता मा करिब ८ हजार विद्यार्थीबाट छनोटमा परेका १५० भन्दा बढी विद्यार्थीबीचलाई कक्षा समूह अनुसार विभिन्न ग्रुपमा विभाजन गरी विभिन्न योगासन गराई प्रतिस्पर्धा गरिएको थियो ।

आगामी दिनहरुमा योग र पूर्वीय दर्शनलाई शिक्षासंग जोड्दै हाम्रा भावी पुस्तालाई विद्यालय स्तरबाट हाम्रो दर्शन, सभ्यता, संस्कार तथा सन्तुलित भोगबारे ज्ञान प्रदान गर्ने उद्देश्यले सन्तुलित भोग नै योगको पुर्वाधार हो भन्ने मूल नाराका साथ उक्त कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष नारायण प्रसाद भट्टराई 'सोऽहम्' ले जानकारी दिएका हुन् । नेपालमै पहिलो पटक विद्यालयस्तरमा यो योग प्रतियोगिता संचालन गरेका छौ, आगामी दिनहरुमा अझै बढि भन्दा बढि विद्यालयका विद्यार्थीहरुलाई सहभागिता गराई योग प्रतियोगितालाई निरन्तरता दिईने र विद्यालय स्तरबाटै योगलाई अनिवार्य सिकाईको विषय गराउन सके अझ राम्रो हुने संस्थाका सदस्य विनोद ढकालले कार्यक्रमा बताए ।

उक्त प्रतियोगितामा कक्षा ४ सम्मका छात्राहरुको समूहबाट हाइली क्रियटीभ स्कुलकी निख्किका पौडेल प्रथम, छात्र समूहबाट श्रीयन्त्र स्कुलका र जत मगर प्रथम स्थान हाँसिल गर्न सफल भएका थिए भने कक्षा ५ र ६ का छात्रा समूहबाट अर्किड स्कुलकी प्रेमिका राई प्रथम, छात्र समूहबाट गोठाटार स्कुलका समीप राई प्रथम भएका थिय यसैगरी कक्षा ७ र ८ का छात्रा समूहबाट हाइली क्रियटीभ स्कुलकी जस्मीन कार्की प्रथम छात्रतर्फ अर्किड स्कुलका शिशिर जिरेल प्रथम स्थान हाँसिल भएका छन् ।

प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विजयी सहभागिहरूलाई ट्रफी, मेडल र प्रमाणपत्रका साथ नगद पुरस्कार र सान्त्वनालाई ट्रफी प्रदान गरिएको थियो । योग प्रतियोगितामा राजधानीका अर्किड स्कुल, अक्षरा स्कुल, अक्षरिका स्कुल, हाइली क्रियटीभ स्कुल, गोठाटार स्कुल, विद्या आर्जन स्कुल, प्रारम्भ एकेडेमी, किड्स लिवर्टी स्कुल, शिक्षालय नेपाल, श्रीयन्त्र स्कुल, द भेलोसिटी स्कुल, गोकर्णेश्वर नगरपालिका जोरपाटी नयाँबस्तीका टाइम लाइन स्कुल र विपुल शिक्षा निकेतन लगायतका १३ स्कुलका विद्यार्थीहरुको सहभागितामा प्रतियोगिता सम्पन्न भएको थियो ।

प्रतियोगिता समापनका प्रमुख अतिथि कागेश्वरीमनोहरा नगरपालिका, काठमाडौंका प्रमुख उपेन्द्र कार्कीले विद्यार्थीहरूलाई योग शिक्षातर्फ प्रेरित गर्ने उद्देश्यले गरिएको कार्यक्रमको प्रशंसा गर्दै आयोजक संस्था र विद्यालयहरूलाई धन्यवाद ज्ञापन दिएका थिए । निर्णायकको भूमिका त्रिभुवन विश्वविद्यालय योग विभागका अध्यापकद्वय डा.टी.पी. धमला कृष्णशरण (नाथ योगमा नेपालका पहिलो विद्यावारिधि) र डा.आनन्द गैन्हेले कुशलपूर्वक भूमिका निर्वाह गरेका थिए ।

हल्लाको देश...

पृष्ठ १ बाट जारी

काम माथि उल्लेख गरिएको भारतीय मुलका व्यापारी, र चिनिया प्रभावमा व्यापार गरिरहेकाहरुले नेपालको वास्तविक जग नबसोस् भन्ने उदेश्य राखेको सहजै देखिन्छ । त्यसैले बेला बेलामा बनिरहेका योजनाहरु एक्कासी रोकिन्छन् । नीति, नियम बनिसकेर पनि पास हुन सक्दैनन् । त्यो देखिदै आएको छ । यस्तो हुनको कारण नेपालको नेतृत्व गर्ने व्याक्तिहरुले आट र दृढता नभएको कारण यस्ता कार्य नकरात्मक पक्षले प्रशय पाएको देखिन्छ ।

**नेपालले गर्न सक्ने सम्भावना र विकास**

(कृपज) कृषि-पर्यटन-जलविद्युतः कृषिलाई आधुनिकीकरण गरेर जग्गाहरुलाई पकेट क्षेत्र छुट्याउनुपर्छ । ठुलो स्केलमा जसरी कम्पनी स्थापना गरेर मानिसहरुले अन्य वस्तु अर्थात सामान उत्पादन, बिक्री वितरण गर्छन त्यस्तै कम्पनीको रुपमा कृषिलाई प्रथमिकता राखेर परिणाम आउने गरी उत्पादन गर्ने र बिक्री वितरण गर्ने काम गर्न सक्नुपर्छ । जसमा भुमि प्रयोगको नीति प्रष्ट सहज र सजिलो उपाय अपनाउनुपर्छ कृषिमा जिवन देख्ले योजना अनुसार काम गर्न पाउनुपर्छ । अहिले भईराखेको सरचना व्याक्तिको नाममा जग्गा जमिन छ । त्यो व्याक्तिको जमिन हुनुदैन ।

पर्यटन क्षेत्रको विकासः पर्यटन क्षेत्रको विकासको लागि जहाँ जहाँ सम्भावना हो तयस त्यस क्षेत्रमा भौतिक पूर्वाधारको व्यावस्था मिलाउने र कुन कुन देशका मानिस नेपालप्रेमी छन् । त्यो त्यो देशसँग सहकार्य गरेर त्यस देशका नागरिकहरुलाई लक्षित गरेर कार्यक्रमहरु बनाउने ताकि उनिहरु हाम्रो देशमा घुम्न आउदा उनिहरुले खुशी, आनन्द महसुस गरुण हामीले मनग्य आम्दानी गर्न सकौ । त्यसमा घरेलु उत्पादन स्थानीय उत्पादनको खपत लगायका योजना अनिवार्य लागु गर्न सक्नुपर्छ ।

जलविद्युतको विकासः जलविद्युत योजनाहरु जतिसक्दो चाडो निर्माण गर्ने र उत्पादन भएको विद्युत विशेष गरेर ग्रामिण क्षेत्रमा उद्योग खोल्ने उद्योगहरुलाई सहुलियतमा विद्युत उपलब्ध गराउने जसबाट धेरै भन्दा धेरै मानिसहरु रोजगार हुन्छन् । राज्यलाई त्यस उद्योगबाट उत्पादन वस्तु निर्यात हुदा व्यापार घाटा कम गर्न मद्दत पुग्छ भने राजश्वमा पनि बृद्धि हुन्छ । यो प्रचुर सम्भावना नै सम्भावना भएको देशमा हल्लाको पछि लाग्दा लाग्दा देश छोडेर भाग्नेहरुको संख्या बढेर देश रित्तो बनाउन लागेका छन् ।

कति दिनसम्म यसरी भागेर चल्छ । कतिदिन सम्म अर्काको दास बन्ने, आफ्नो देशमा जन्मभुमिमा निर्धक्कको जिवन बाच्न छोडेर अर्काको देशमा दास भएर बस्ने हल्ला गर्नेहरुको पछि लागेर होइन । कमि कमजोरीलाई सुधारेर नेपाललाई विकास गरेर विश्वको उदारणीय देश बनाउन सक्ने सम्भावना नेपालमा छ । यो काम गर्न विगतका असफल भएका तरिकाहरु सोरेर फाल्ने र सफा नियतको व्यवस्था निर्माण गर्नुपर्ने देखिन्छ । विकासको सम्भावनाको बोकेको देशलाई बिग्रको हल्लाको देश भनेर प्रचार नगरौं ।

## पुस ७ गतेदेखि नारायणगढ-मुग्लिन सडक दैनिक बिहान ११ देखि दिउँसो ३ बजेसम्म बन्द हुने

**चितवन-** नारायणगढ-मुग्लिन सडकखण्डमा दैनिक चार घण्टा सवारी बन्द हुने भएको छ । सो सडकखण्डको तुइनखोलामा पुल बनाउन भित्तो काट्नुपर्ने भएकाले यही पुस ७ देखि सवारी बन्द गर्न लागिएको हो ।

बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडक बन्द गरेर काम गर्न लागिएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी ई कृष्ण आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा तीन हप्ताका लागि सडक रोकेर भित्तो काटिने छ ।

गत वर्ष सो ठाउँमा पुल निर्माणका लागि भित्तो काटिएको भए पनि कडा चट्टान भएकाले काम कठिन भएपछि विस्फोटका लागि रोकिएको थियो । विस्फोटको अन्तिम तयारी हुँदै गर्दा पुनः एकपटक सडक रोकेर काट्ने तयारी गरिएको हो । शनिबार कुरिनटारमा चितवन, गोरखा र धादिङका प्रमुख जिल्ला अधिकारीसहितको उपस्थितिमा बसेको अन्तर जिल्ला बैठकले सडक रोकेर काम गर्ने निर्णय गरेको हो ।

सूचना अधिकारी आचार्यका अनुसार ६० मिटर अग्लो पहाड गत वर्ष २५ मिटर काटिएको छ । बाँकी ३५ मिटर 'रक स्पिलटर' र 'हाइड्रोलिन ज्याक हेम्भर' प्रयोग गरेर फोर्ने तयारी गरिएको छ । उनले भने, 'टनेल, खानीलगायतमा प्रयोग गरिने विधि प्रयोग गरेर अन्तिम प्रयास गर्दैछौं ।' यसबाट पनि फोर्न नसकिएमा अन्तिम विकल्पका रूपमा विस्फोट गराइने उनले जानकारी दिए ।

सो सडकका १९ पुलमध्ये चार पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो । अन्य कतिपय निर्माण सम्पन्न भएका छन् भने कतिपय अन्तिम चरणमा छन् । यो पुल भित्तो भत्काउन नसक्दा काम थाल्न सकिएको छैन ।

उनका अनुसार काली, नम्सी, रिग्दी, सिमलताल, भोर्ले, खोर, खहरे र जुगेडी पुल दुई महिनाभित्रमा सञ्चालनमा आउनेछन् । उनका अनुसार चारवटा एक महिनामै सञ्चालनमा आउँछ । आठवटै पुल सञ्चालनमा ल्याउन दुई महिना लाग्छ । ती पुलको पहुँचमार्ग बनाउने र रडरोगनलगायतका काम भइरहेको छ ।

गत मंसिरमा डुम्रे, चिसेन्जी, तोपे र लामो बालुवाको पुल सञ्चालनमा आएको उनले जानकारी दिए । थप आठ पुल सञ्चालनमा आएपछि नयाँ बन्दै गरेका १५ पुलमध्ये दुईवटा मात्र बन्न बाँकी रहन्छन् । आचार्यका अनुसार खहरेको पुल छ महिनाभित्रमा सञ्चालनमा आउने छ । यसपछि एउटा पुलमात्रै बाँकी रहने छ ।

गतको हिउँदमा सडक रोकेर दुईवटा पुल बनाउन ढिस्को भत्काउन थालिएको थियो । सँगै भत्काउन थालिएको चिसेन्जी खोलाको आडको ढिस्को भत्काएर पुलसमेत निर्माण गरिसकिएको छ । यो ठाउँमा ४० मिटर अग्लो ढिस्को भत्काएर पुल बनाइएको हो ।

तुइनखोलाको ढिस्को भत्काउन नसकिएपछि विस्फोटका लागि प्रक्रियागत काम पूरा गर्न समय लागेकाले गत हिउँदमा नै विस्फोट गर्ने गृहकार्य गरिएको भए पनि काममा ढिलाइ भएको थियो । उनका अनुसार ढिस्को भत्काउन विस्फोटक पदार्थ ल्याउनका लागि अनुमतिप्राप्त भइसकिएको छ । आयोजनाले विभाग हुँदै गृह मन्त्रालय, रक्षा मन्त्रालय, पुनः गृह मन्त्रालय भएर अन्तिम अनुमति भारतीय राजदूतावासबाट पाएको जनाइएको छ । विस्फोटक पदार्थ ल्याउन केही ढिलाइ हुने भएपछि अन्तिम प्रयासको रूपमा भत्काउने तयारी गरिएको हो ।

# अन्तराष्ट्रिय समाचार

## गाजामा युद्धविराम गर्न फ्रान्सको आह्वान



**तेल अभिभ-** फ्रान्सकी विदेशमन्त्री क्याथरिन कोलोनाले आइतबार गाजा युद्धमा 'तत्काल र टिकाउ' युद्धविरामका लागि आह्वान गरेकी छन । युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रको अवस्थाप्रति पेरिस 'गहिरो चिन्तित' बनेको उनले बताएकी हुन ।

कोलोनाले तेल अभिभमा आफ्ना इजरायली समकक्षी एली कोहेनसँगको टिप्पणीका क्रममा भनिन, 'धेरै सर्वसाधारण मारिएका छन्, अक्टोबर ७ को आक्रमणपछि इजरायलले आक्रामक रूपमा दबाब दिँदा सम्पूर्ण क्षेत्रमा तनाव बढेको छ ।'

प्यालेस्टिनी विद्रोही समूह हमासका अनुसार गाजामा युद्धविरामका लागि इजरायल बढ्दो अन्तर्राष्ट्रिय दबावमा परेको छ । गाजामा हमासविरुद्धको युद्धमा अधिकांश महिला र बालबालिकासहित १८ हजार आठ सयको मृत्यु भएको छ । इजरायली अधिकारीहरूको पछिल्लो आँकडाअनुसार हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित करिब १ हजार १ सय ४० जनाको मृत्यु भएको थियो । हमासले २ सय ४० जनालाई बन्धकसमेत बनाएको थियो ।

मन्त्री कोलोनाले यौन हिंसामा परेकालगायत हमासको आक्रमणका पीडितहरूलाई बिर्सन नहुनेमा जोड दिइन् । इजरायली विदेशमन्त्री कोहेनले लेबनानमा युद्ध रोक्नका लागि फ्रान्सले सकारात्मक र महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए । इजरायल दक्षिणी लेबनानमा सशस्त्र समूह विशेष रूपमा शक्तिशाली इरान समर्थित हिजबुल्लाह समूहसँग नियमित रूपमा सीमापार गोलीबारीमा सामेल भएको छ । 'इजरायलको उत्तरी सीमामा अर्को मोर्चा सुरु गर्ने कुनै मनसाय छैन तर हामी आफ्ना नागरिकहरूको सुरक्षाका लागि जे गर्नुपर्छ त्यो गर्नेछौं,' कोहेनले भने ।

## जर्मनीमा विद्युत्को आधाभन्दा बढी नवीकरणीय ऊर्जाको प्रयोग हुने



**बर्लिन-** सन् २०२३ मा जर्मनीमा खपत हुने आधाभन्दा बढी विद्युत् पहिलो पटक नवीकरणीय ऊर्जाबाट उत्पादन हुने जर्मन ऊर्जा तथा पानी उद्योग सङ्घले सोमबार बताएको छ । प्रारम्भिक आँकडाअनुसार जर्मनीले यस वर्ष कूल पाँच खर्ब १७ अर्ब किलोवाट घण्टा विद्युत् खपत गर्नेछ । सन् २०२२ मा उसले पाँच खर्ब ४० अर्ब किलोवाट घण्टा खपत गरेको थियो ।

यसमा करिब ५२ प्रतिशत नवीकरणीय ऊर्जाबाट आउने सङ्घले बताएको छ । सन् २०२२ मा नवीकरणीय ऊर्जाको योगदान ४७ प्रतिशत थियो । सङ्घका कार्यकारी बोर्डका अध्यक्ष केर्स्टिन एन्ड्रीले भने, "आँकडाले हामी सही मार्गमा रहेको देखाउँछ ।" सन् २०३० सम्ममा आफ्नो ८० प्रतिशत विद्युत् वायु र सौर्य ऊर्जाबाट प्राप्त गर्ने जर्मनीको लक्ष्य छ ।

यद्यपि युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक जर्मनीमा ऊर्जा उत्पादनलाई डिकार्बोनाइज गर्ने योजना सन् २०२२ मा युक्रेनमाथि मस्कोको आक्रमण र त्यसपछि रुसले अत्यावश्यक ग्यास आपूर्तिमा गरेको कटौतीका कारण अस्तव्यस्त भएको छ ।

ग्यासमा आधारित विद्युत् उत्पादनको दबाब कम गर्नका लागि सरकारले कोइलाबाट चल्ने पुराना संयन्त्रहरू अनलाइन ल्याएको छ । पुनः सक्रिय कोइला संयन्त्र सन् २०२४ मार्चसम्ममा सञ्चालन हुनेछ । जर्मनीले सन् २०२३ मा पाँच खर्ब आठ अर्ब किलोवाट विद्युत् उत्पन्न गर्न तयारी गरेको सङ्घले बताएको छ । यसमा एक चौथाइ (२६ प्रतिशत) कोइलाबाट आउने छ ।

सन् २०२२ मा प्रदूषक जीवाश्म इन्धनको विद्युत् उत्पादनमा करिब एक तिहाइ हिस्सा थियो । सन् २०३० सम्ममा जर्मनी कोइलाबाट सम्पूर्णरूपमा बाहिर निस्कने उसको प्रतिज्ञामा अडिग छ तर आशङ्का कायमै छ ।

बर्लिनले वायु टरबाइन स्थापना गर्नका लागि कर्मचारीतन्त्रमा कटौती गर्ने प्रण गरेको छ र 'स्वच्छ' हाइड्रोजनमा चलाउनका लागि परिवर्तन गर्न सकिने स्थितिमा मात्र नयाँ ग्यासबाट चल्ने विद्युत् संयन्त्रहरूलाई अनुमति दिने योजना बनाएको छ । यद्यपि केही पर्यवेक्षकहरूले गति अझै पनि सुस्त रहेको बताएका छन् ।

जर्मनीले पनि यसै वर्षको अप्रिलमा उसको बाँकी अन्तिम आणविक ऊर्जा संयन्त्रलाई बन्द गरेको छ । यो उसको लामो समयदेखिको योजनाबद्ध कदम थियो । आणविक ऊर्जा संयन्त्रले जलवायु लक्ष्यहरू हासिल गर्न कठिन हुनसक्ने तर्क केही आलोचकले दिएका छन् ।

# कथा

## पलायन



दिवाकर न्यौपाने
बौद्ध महााकाल

करिब सय वर्ष पहिले पश्चिम पहाडबाट बसाँई सर्दै काठमाण्डौ आएका धेरै परिवारहरु थिए । यसरी बसाईं आएका खलकहरु मध्ये हनसिंह काजीको खलक पहिलो दर्जामा पर्‍थ्यो । सायद पर्वतबाट आएकाले टोलमा उनको खलकलाई पर्वते भनेर संबोधन गर्थे । काठमाण्डौको काँठ क्षेत्रमा प्रशस्त जग्गा जमिन जोडेका थिए । गाउँमा काजी खलक भनि कहलिएका थिए । दुखः पर्दा गाउँलेहरुको शरण पर्न आउने आँगन पिणी भनेकै हनसिंह काजीकै थियो । उनको अगाडी पर्दा ब्राह्मणहरु स्वस्ती काजी सायब भनेर दुई हातको पन्जा उत्तानु पार्थे । दुईचार गुरु पुरोहितहरु हनसिंह काजीले पश्चिमबाट बसाईं आउदा सँगै ल्याएका थिए । उनीहरुलाई काजीले खान पुग्ने जग्गा जमिन दिएका थिए । ति गुरु चि पुरोहितहरु दङ्ग थिए । हनसिंह काजीको परिवारमा जतिपनि तिथि चाडवाडको पुजापाठहरु सबै यिनै गुरुपुरोहितहरुले धानेका थिए । वर्षा याममा सबै खेतीपातीमा ब्यस्त हुन्थे । हनसिंह काजीको मृत्यु पछि उनका छोराहरु नेपालभित्र तित्तरबित्तर भए । काजी खलकको सान घट्दै गईरहेको थियो । टोल चकमन्न हुदै थियो । उनका नाति नातिनाहरु भने आ- आफ्नो भागमा परको पैत्रिक संपत्ति बेचेर युरोप अमेरिकातिर पलायन भए । हनसिंह काजीले बनाएको रातो टाएले घर सहितको खेतबारी पनि प्लाटिङ व्यावसायीले किनेर बेचबिखन गरि सकेका थिए। एकातिर उनि सँगै पश्चिम पहाडबाट आएको गुरु पुरोहितका छोरानातिहरुले समय अनुसारको कामकाज गरेर आर्थिक उन्नती गरिरहेका थिए । टोलमा आ-आफ्नो प्रतिष्ठा उच्च पार्दै थिए । अर्कोतिर मानिसका हर जमघटमा नेपाली युवाहरु “पलायन भएको गुनासो मात्र सुन्नु परिरहेको थियो । वास्तवमा म “पलायन” शब्द प्रति अनविज्ञ थिए । किन युवाहरु पलायन प्रति आकर्षित भए ? मलाई बुझ्नु थियो । मेरो पहिलो गुरु स्वयं “बा” हुनुहुन्थ्यो । तसर्थ मैले उहाँलाई सोधे “बा” पलायन भनेको के हो ?“

बा फलैचा माथि बसेर जनैपूर्णिमाका लागि डोरो तयार पार्दै हुनुहुन्थ्यो । “कहिल्यै नफर्किने गरि आफ्नो थातथलो छोडि जानुलाई पलायन भनिन्छ” बाले आफूले तयार पार्दै गरेको डोरोको लक्षिलाई चोखो ठाउँमा राख्दै भन्नुभयो । मानिसहरु आफ्नो थातथलो छोडेर किन पलायन हुदारहेछन ? समस्या के पर्दो रहेछ ? मानिसहरुले आफ्नो थातथलोलाई किन त्यागिरहेका छन् ? मैले सोचिरहेको थिएँ । मेरो मस्तिष्कले सोच्ने प्रयास गर्यो । म पुनः बाको सामुन्ने पुगे । कुन कारणले मानिसहरु पलायनको बाटो रोज्दारहेछन ? मैले बाको छेउमा गएर पुनः सोधे । “केहि दिन पछि भनौला” बाले तत्काल जवाफ दिनुभएन । मैले बालाई ठूलै भारी बोकाएको रहेछु । बालाई त्यति पनि थाहा रहेनछ । उहाँमा औपाचारिक शिक्षा रहेन्छ । बाले घरमै सामान्य लेखपढ गर्नुभएको रहेछ । टोलका जान्नेसुन्नेहरुसँग सोधपुछ गरेर मात्र जवाफ दिनका लागि उहाँले केहि दिनको समय लिनुभएको रहेछ ।

“ए काले आइज यता फलैचामा बस” अलि दिन पछि मलाई बाले फलैचामा बस्ने आदेश दिदै बोलाउनु भयो । “तेरो जिज्ञाशा के रे ?” बाले मलाई पुनः सोध्नु भयो । “पलायन सम्बन्धी हो बा” मैले ओठे भाषा मै भने ।

“पहिले पहिले मानिसहरु बिकट गाउँ छोडी सदरमुकाम जान्थे । कोहि सदरमुकामबाट राजधानी आउँथे भने कोहि चै देशै छोडी विदेशतिर हुत्तिन्थे । नथाहापाउदा सम्म त मलाई पनि विदेश जानुमा खुसी नै लाग्थ्यो । मौका मिले म पनि विदेशिन्छु भन्थें । आज आएर थाहा भयो पलायनको अर्थ त खालि थातथलो छोडनु मात्र होइन रहेछ । आफ्नो मात्रृभूमि प्रति वेवास्ता गरि आमाको काखलाई बाहिस्कार गर्नु पनि रहेछ । तसर्थ असल मानिस दुख कष्ट सबै भोग्नु तयार हुन्छ तर पलायनको बाटो रोज्दैन बाबु” बाले मलाई गंभिर हुदै भन्नुभयो ।

“उसोभए यत्रा मनिसहरु आफ्नो थातथलो छोडी कोहि विदेशतिर पलायन भएका छन भने कोहि स्वदेशमै पलायन भएका छन् । के ति सबै मूर्खै थिए त ?” बालाई मैले फेरि साधेँ । बा एकछिन जिल्ल पर्नुभयो । अक्कनबक्क हुनुभयो ।

“लौ सुन विभिन्न कारणले गर्दा देशका असल मानिसहरु पनि पलायन भएका छन” बाले मलाई बुझाउन खोज्दै भन्नुभयो ।

“ती कारणहरु के के हुन त बा ?” मैले बालाई फेरि सोधे । हामीले पलायन हुनेहरुका राम्ररी अध्ययन गर्‍यौं भने पहिलो नम्बरमा गरिबी पर्दछ । एउटा गरिब समुचित गाँस, बाँस, कपासका लागि आफ्नो थातथलो छोडि उपयुक्त स्थानमा पलायन हुन्छ भने अर्को त्यहि ठाउँको धनि उच्च स्तरको सुख सुबिदा प्राप्त गर्नका लागि बिकसित मुलुकतिर पलायन हुन्छ । यथार्थमा गरिब वा धनि दुबै पलाएन भएकै हुन्छन्” मैले मुन्टो हल्लाएर बाको बिचार प्रति सहमति जनाएँ । म बिचार गर्दै थिएँ । “गरिब होस वा धनि शासक पनि त पलायनको चपेटामा परेका होलान नि ?” मैले बासँग पुनः जिज्ञासा राखे ।

“विश्वमै युद्ध जितेकाहरु स्थापित हुने र हारेकाहरु बिस्थापित भई पलायनको बाटो रोज्ने त छदै थिए । पृथ्वीनारायण शाहले नेपाल एकिकरण गरेपछि भक्तपुरका राजा युद्धमा हारेपछि काशीतिर पलायन भए । राणाकालीन समयमा पनि रोलक्रममा नपर्नेहरु कोहि उपत्यका बाहिर पलायन भए भने कोहि चै भारततिर पलायन भएका यथार्थ त हामी सँग छदैछनी ।”

बाले मलाई हेर्दै भन्नुभयो । “सुखका लागि होस या दुखले गर्दा होस पलायन हुनु शुभकार्य होइन । आ-आफ्ना पिता पूर्खाले जगेर्ना गर्दै आएका थातथलोलाई चटक्कै बिर्सिन सकिन्न र आज भोलि विभिन्न कारणले विदेशतिर पलायन भएका गैर आवसियहरु यो त्यो बहानामा आ-आफ्नो थातथलोतिर फर्किदै छन् । सरकारले पनि यथोचित व्यवहार गर्दैछ” बाको मुहार उज्यालो भयो ।

# शार्दूलविक्रीडित छन्दः एक ज्येष्ठ नागरिकको कथा



ज्यो. रत्ननिधि रेग्मी शुक्राचार्य

मेरो वृद्ध भयो उमेर अब ता गाला परे चाउरी
गोडा, हात बसे, नसाजति सुके हड्डी र छाला धरी
सोच्ने शक्ति गुम्यो दिमाग पनि ता बल्दैगयो विस्मृत
फुक्ली दाँत झरे, चपाउन हरे ! साह्रै पर्‍यो मुस्किल ॥१॥

जिब्रो स्वादविहीन पो हुन गयो, बग्दैन र्‍यालै पनि
पाकी केस झरे जसै शिशिरको रित्तो बगैँचा बनी
हाँस्ता ह्वाङ्ग गिँजा, रुँदा नयनका सुख्खा परेला भए
बोली प्रस्ट रहेन लर्बर भई, घाँटी-गला भास्सिए ॥२॥

साराङ्गीसरि पेट भो जतिसुकै खाए र लाए पनि
के लाग्थ्यो जिउ मासु-भात दिनहूँ खाई पचाए पनि
औंलाका नङ मासुभित्र गडिँदा धाँजा फुटे पट्पटी
आँखा झिम्म हुँदैन रात अनिँदो बन्दा भयो छट्पटी ॥३॥

नब्बे वर्ष पुगें कुनै दिन घुमी आएन जन्मोत्सव
भोगें दुःख-व्यथा सयौं किसिमका मैले नराम्रोसित
केही वर्षअगाडि शोक थपियो पत्नी गइन् स्वर्गमा
मेरो भन्नु रहेन क्यै पनि कुरा, एक्लो भएँ मर्त्यमा ॥४॥

छोरा चारजना थिए सब हिँडे छैनन् यता गाउँमा
मेरो बैंस बित्यो कडा श्रम गरी सन्तानका नाउँमा
लागे दर्ग-दिशा विवाह नहुँदै, लाठे जवानी छँदै
बस्छन् आज उता, कतातिर गई पाइन्न सम्चार खै ! ॥५॥

जेठोचाहिँ अमेरिकातिर गयो डी.भी. परेको हुँदा
दोस्रो लण्डनमा बस्यो बृटिशको आर्मी बनेको छँदा
तेस्रो भारत भास्सियो अझ उतै दर्बान बस्तो भयो
कान्छो साथ थियो हिँड्यो सहरमा मेरो बिजोगै भयो ॥६॥

बारी, खेत यथेष्ट छन् तर सबै बाँझा पडे गाउँमा
बेसाईकन खानुपर्छ महँगो यै गाउँका ठाउँमा
गाईगोठहरू भएजति गए, बाख्रा, खसी मासिए
आफू झन् असहाय आज भइयो आफ्ना बिराना भए ॥७॥

चर्चा चल्दछ ज्येष्ठ नागरिकको गर्ने भनी आदर
आफ्नोचाहिँ रहेन जीवन कतै अस्तित्वमा निर्भर
जे सम्मान दिएर आदर गरुन् देखी खुसी बाहिर
भित्री दर्द छादैछ घाउ गहिरो बुझ्ला र को आखिर ? ॥८॥

के आयो युग लौ विचित्र घटना आफ्ना बिराना हुने
आफ्नैबाट सदा उपेक्षित भई आँखा रसाई रुने
यौटा होइन जिन्दगी घिडकिसो लाखौं छ संसारमा
माया-प्रेम बुढा-बुढी उपरमा खाँचो छ ऐले यहाँ ॥९॥
महाकवि देवकोटा आश्रम, हाल: बेघर ।

# शान्ति शन्देशको ६१ औ सस्करण भव्यताका साथ सम्पन्न

**काठमाडौं–** यहि मितिः २०८० साल मंसिर ३० गते काठमाडौको कपन शान्तिनगरस्थित शान्ति सन्देश पुस्ताकालयको ६१औ सस्करण कार्यक्रम भएको छ । उक्त कार्यक्रम त्यस पुस्ताकालयकी अध्यक्ष शोभा खरेलको सभापतित्वमा भएको हो ।

कार्यक्रमको शुरुवाट देखि अन्त्यसम्म त्यसै पुस्ताकालयकी महासचीव नगिना सिंह भण्डारीले उत्कृष्ट ढंगवाट सञ्चालिकाको भुमिका निर्वाह गरेकी थिइन । कार्यक्रममा बिभिन्न ठाउँवाट आएका साहित्यकारहरुको बाक्लो उपिस्थिति रहेको थियो । कार्यक्रममा आएका व्यातित्वहरुले कसैले कविता, गजल, गीत रचना बाचन गरेका थिए । रचना बाचन नगर्नेहरुले कार्यक्रमलाई शुभकामना दिएका थिए ।

कार्यक्रममा बृद्धा साहित्यकार देखि बाल कविहरुसम्मको उपस्थिति रहेको थियो । कार्यक्रमको समापन गर्दै शान्ति शन्देश पुस्ताकालयकी शोभा खरेलले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिदै रचना वाचन गरेर समापन गरेकी थिइन । यतिधेरै राम्रो कार्यक्रम गरेको भनेर शुभकामना दिने क्रममा उपस्थिति व्याक्तिहरुले शान्ति पुस्ताकालयको प्रशंसा गरेका थिए ।




कार्यक्रममा साहित्यकारहरुले साही अवसर पारेर आफ्ना कृतिहरु पुस्ताकालयलाई हस्तान्तरण गरेका थिए ।

# अभिनव साहित्य सदनद्वारा छन्दकवि डिल्लीराज अर्याल सम्मानित

**काठमाडौं–** अभिनव साहित्य समाजको मासिक नियमित रचनाबाचनको २६२ औं शृङ्खलाको अवशरमा अभिनव साहित्य समाजद्वारा शिक्षासेवी,लेखक साहित्यकार,तथा पत्रकार डिल्लीराज अर्याललाई बद्रीनाथ( अभिनव छन्दोबद्ध कविता पुरस्कार तथा सम्मानपत्र वितरण कार्यक्रम सु-सम्पन्न गरिएको छ ।

काजी रोशनको प्रमुख आतिथ्यता तथा अभिनव साहित्य समाजका उपाध्यक्ष विमल अर्यालको सभापतित्व तथा काजी रोशनको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको हो ।

कार्यक्रममा उद्धव रायमाझीबाट डिल्लीराज अर्यालको सम्मानपत्र वाचन पश्चात छन्दकवि डिल्लीराज अर्याललाई सम्मानपत्र ,दोसल्ला र नगद रू १० हजार समेत संस्थापक परिवारका रघुनाथ आचार्य ,अध्यक्ष विमल अर्याल र प्रमुख अतिथि काजी रोशनबाट संयुक्त रूपमा प्रदान गरिएको थियो ।

पुरस्कार स्थापनाकर्ता संस्थापक र प्राप्तकर्ताका बारेमा प्रकाश पार्दै संस्था का अध्यक्ष गोविन्द घिमिरे वेदमणिले डिल्लीरामको सक्रियता पत्रकारीता,सम्पादकीय भूमिका, रेडियो कार्यक्रम प्रस्तोता लेखक कवि साहित्यकार लगायतका लोभलाग्दो साधनाले अझै उचाई प्राप्त गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै शुभकामना प्रदान गरेका छन् । कार्यक्रममा चामुण्डा मा वि जोरपाटीका प्रधानाध्यापक गुणराज आचार्यले संस्थापक परिवारका तर्फबाट ३० को दशकदेखि अनवरत रुपमा साहित्यिक क्षेत्रमा सक्रिय रहेका डिल्लीराजको साहित्यिक उन्नयनको कामना गर्दै शुभकामना मन्तव्य ब्यक्त गरेका छन् ।

कार्यक्रममा पुरस्कृत व्यक्तित्व डिल्लीराज अर्यालले अभिनव साहित्य समाजको यो न्यानो माया, सद्भाव ,पुरस्कार मात्रै होईन प्रेरणा पनि हो भन्दै आफूले समाजको लागि थोरै भएपनि सुकर्म गरेको रहेछु भन्ने बोध भएको र आफ्नो आगामी कर्म साहित्य सृजनामै लागि रहन अझै थप जिम्मेवारीको महशुष गरेको बताउँदै एक छन्दोवद्ध कविताबाचन गरेका थिए ।

मन्तव्यका क्रममा प्रमुख अतिथि काजी रोशनबाट संस्थाहरू गतिशील बन्नलाई सदस्यहरू क्रियाशील हुनुपर्ने उल्लेख गर्दै धवलागिरी साहित्य प्रतिष्ठानको गठन क्रममा सामना गर्नुपरेको चुनौतीका बारेमा उल्लेख गर्दै अभिनव मेरो मन्दिर शीर्षकको कविताबाचन समेत गरेका छन् । यसैक्रममा बाचित रचनाहरुमा

पर्शुराम पराशरबाटआज वाचित रचनाहरूको समीक्षा गरेका छन् थिए । उक्त अवसरमा प्रमुख अतिथिबाट वाचन गरिएका मध्य समिक्षकद्वारा छानिएका ४ रचनालाई पुरस्कारस्वरूप पुस्तकहरू प्रदान गरेका छन् ।

सारदा पराजुलीद्वारा सहजकर्ताको भूमिका निभाइएको उक्त कार्यक्रमका अध्यक्ष विमल अर्यालबाट सबैप्रति हार्दिक धन्यवाद अर्पण गर्दै सम्मानित कवि डिल्लीराम अर्याल साहित्यिक उन्नयनको कामना गरिएको उक्त कार्यक्रममा करिव चार दर्जन कवि तथा साहित्यकारको उपस्थिति रहनुका साथै रचना बाचन गरिएको थियो ।

# फिल्म "नम्बरी सुन" को नयाँ गीत सार्वजनिक



**काठमाडौं–** राजु गिरी निर्देशित फिल्म “नम्बरी सुन” को नयाँ गीत सार्वजनिक भएको छ ।

आइतबार ओएसआर डिजिटल युट्युब च्यानलमार्फत फिल्ममा समावेश तिमी बर म पीपलु बोलको गीत सार्वजनिक गरिएको हो। प्रताप दास र अनु चौधरीको स्वर रहेको गीतमा अर्जुन पोखरेलको शब्द र संगीत छ । रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतमा गौरव पहारी र नम्रता सापकोटा फिचर्ड छन् ।

गीतको भिडिओलाई मानकृष्ण महर्जनले छायांकन गरेका हुन् । फिल्ममा गौरव र नम्रतासँगै सरोज खनाल, बुद्धि तामाङ, राजाराम पौडेल, विनोद न्यौपाने, किरण नेपाली, राजेन्द्र खड्गी, सबिन बास्तोला, गीता अधिकारी, नारायण खाती, अस्मिता न्यौपाने र राजेन्द्र गिरीलगायत कलाकारको अभिनय छ ।

फिल्ममा शिवम अधिकारीको कथा र पटकथा, दिव्य सुवेदीको छायांकन, गौतमराज खड्काको सम्पादन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, अर्जुन पोखरेल र नारायण खातीको शब्द, राजेशपायल राई, प्रताप दास, शान्ति श्री परियार र अनु चौधरीको स्वर, विनोद भुजेलको ब्याकग्राउण्ड स्कोर, समीर मियाँको भीएफएक्स, देव महर्जनको द्वन्द्व, रामजी लामिछानेको कोरियोग्राफी छ ।

नारायण खाती प्रस्तुतकर्ता रहेको फिल्ममा सरोज खाती, सबिन खाती र मनोज रिजाल निर्माता छन् । फिल्मलाई जिजिए ग्रुप र एफडी कम्पनीले वितरण गर्दैछ । यो फिल्म माघ १९ गतेदेखि प्रदर्शन हुँदैछ ।

www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८
जन आकाश
वर्ष -१६, अंक- १९, २०८० साल पुस ३ गते मंगलबार (Dec 19, 2023)

# टियागो इभी टेस्ट ड्राइभः मूल्यअनुसार कस्तो छ असजिलो बाटोमा पर्फर्मेन्स?



**काठमाडौं–** केही अघि ग्रेटवाल मोटर्सको ओरा थ्रीलाई लिएर जुन बाटोमा हामीले टेस्ट ड्राइभ गरेका थियौं, त्यही बाटो पछ्याउने तय भयो टाटाको टियागो टेस्ट ड्राइभका लागि पनि। उकालोमा ओराको रफ्तार देखेर हामी प्रभावित थियौं। ओरासँग तुलना गर्दा निक्कै सस्तो र ब्याट्री तथा मोटर क्षमता कम भएको टियागोले उस्तै असहज बाटोमा कस्तो पर्फर्मेन्स गर्छ त? हाम्रो जिज्ञासा थियो।

सहज सहरी बाटोका लागि तयार भएको गाडीलाई हामी असहज बाटोमा गुडाउँदै टेस्ट गरिरहेका छौं। हाम्रा सडक सधैं सबैतिर एकैनास राम्रा बनोटका पाउन कठिन छ। त्यसैले जतिसुकै सहरी क्षेत्रका लागि तयार पारिएको भनिए पनि तिनले कुनै पनि बेला अफरोड यात्रा नगरी सुख पाउँदैनन्।

आज हामी भारतीय कम्पनी टाटाले निर्माण गरेको र नेपालमा निक्कै रुचाइएको टियागोको दुईवटा गाडीमा तपाईँलाई टेस्ट ड्राइभमा लैजाँदैछौं।

यस वर्षको 'नाडा अटो सो'मा सबैभन्दा धेरैको चासो थियो टियागोप्रति। यसका प्रष्ट दुई कारण थिए - टाटाको नेक्सन इभीले बजारमा बलियो उपस्थिति जनाइसकेको थियो भने त्यसका ग्राहकको 'वर्ड अफ माउथ' पोजेटिभ थियो।

त्यसमाथि टाटाको ब्रान्ड र नेटवर्क प्लस पोइन्ट हुने नै भइहाले। दोस्रो टाटाले पेट्रोल भर्सनबाट इलेक्ट्रोनिक भर्सनमा रुपान्तरण गरेको टियागोको मूल्य मध्यमवर्गीय नेपालीले 'अफोर्ड' गर्नसक्ने दरमा तोकिएको थियो। इभी बजारमा चिनियाँ ब्रान्डले बलियो पकड बनाइरहेको अवस्थामा टियागोको इन्ट्रीले खेल परिवर्तनको संकेत गरिरहेको थियो।

मूल्य र ब्रान्ड विश्वसनीयता नै कारण थिए- अटो सोमा यसकै स्टलमा मानिसहरु झुम्मिनुको कारण।

आजको टेस्ट ड्राइभमा यही कार चयन गर्नुको पछाडि पनि मूल्यकै फ्याक्टरले काम गरेको छ। आउनुस् इलेक्ट्रिक ह्याचब्याकको यात्रामा। यसमा इभीलाई 'सिम्बोलाइज' गर्ने शब्द र एउटा नीलो कलरबाहेक पेट्रोल भर्सनको टियागोभन्दा फरक रुपरेखा केही छैन।

एकै प्लेटफर्मको उत्पादन भएकाले फरक नपाउनु स्वाभाविक नै हो। मुख्य कुरा यसको ड्राइभिङ क्यापासिटी कस्तो भन्ने हो। जुन हामी परीक्षणका लागि लैजाँदैछौं। काठमाडौंको पश्चिमी डाँडोमा रहेको कालुपाँडेको समाधिस्थल हाम्रो गन्तव्य बन्यो।

कलंकीसम्मको सडक यात्राले खासै थ्रिल दिँदैन। ट्राफिक र उस्तैखाले सडक संरचनामा फरक खोज्नु आफैंमा गलत विषय। जब कलंकीबाट उकालिन थालिन्छ त्यसपछि देखिन्छ कसको कति छ शक्ति। हामी कलंकी चोकबाट केही पश्चिमतिर झरेर स्युचाटार हुँदै उकालिन थाल्यौं।

यही बाटोबाट हामीले ग्रेटवाल मोटर्सको ओरा उकालेका थियौं। त्यतिखेर जुन पर्फर्मेन्सले हामीले पायौं त्यसले इभीप्रति बलियो सोच बनाउन सघायो। यसपाला के टियागोले हाम्रो त्यो सोचलाई जीवित राख्छ? अथवा सस्तो मूल्य कारण बन्छ सोच बदल्नुपर्ने?

पेट्रोल भर्सनका ३५ लाखसम्म पर्ने ह्याचब्याकभन्दा कमजोर रहेनछ टियागोको इन्टेरियर। सिट कम्फर्ट र यसमा समावेश ग्याजेट्सले पेट्रोल भर्सनका बलियो ब्रान्डका ह्याचब्याक भन्दा बढी मेहनत गरेको देखियो।

टियागोको २८ लाख रुपैयाँ पर्ने भर्सनमा पार्किङ क्यामराका अतिरिक्त कि-लेस इन्ट्री र पुस स्टार्टको सुविधा रहेछ। यसभन्दा कम मूल्य रहेका भर्सनमा कीलेस सुविधा छैन। सबैभन्दा कम मूल्यमा ब्याट्री क्षमता पनि कम छ। मोटरको क्षमता भने सबै भर्सनमा एकरुप रहेको छ। त्यसैले बजेट अनुसार सुविधाको विविधतालाई टाटाले इन्डोर्स गरेको छ। तर, मोटर क्षमता एकै हुँदा असहज बाटोमा दिने पर्फर्मेन्स एकै हुने भइहाल्यो।

हामी स्युचाटार कटेर उकालोतिर मोडियौं। उकालो र टर्निङपछि फेरि उकालो अनि टर्निङ। टियागोले एकै रफ्तारमा उकालो पार गर्‍यो। मोटर सुरु भएदेखि समान टर्क लिनसक्ने भएकाले इभीमा कम्बचन इन्जिनको जस्तो कठिन हुने कुरै भएन। जति उकालो लाग्यो उत्तिकै गाडीको क्षमतामा ह्रास आउने र गियर डाउन गर्नुपर्ने समस्या इभीमा नहुने भएकाले चलाउन सजिलो हुने भइहाल्यो।

माथि टुप्पैमा पुगेपछि हामीले निकालेको निचोड - पर्फर्मेन्सका हिसाबले गाडीमा कुनै समस्या छैन। हामीले करिब ३५ डिग्रीभन्दा माथि रहेको ढलाने सडकमा सजिलै गाडीलाई उकाल्यौं। बीचमा रोकेर पिक अप लिँदा पनि यसको क्षमतामा प्रश्न गर्नुपर्ने देखिएन।

टियागोमा ह्यान्ड ब्रेक नै छ। हिल असिस्ट यसमा छैन। इभी प्लेटफर्ममा तयार भएका सवारीमा रहेको हिल असिस्ट, इलेक्ट्रिक ब्रेकिङ सिस्टम जस्ता फिचर यसमा छैन। त्यसैले उकालोमा ह्यान्ड ब्रेकको अनिवार्य सहायता लिनै पर्ने रहेछ। यस्ता फिचर थपिएको भए यसको मूल्य कम्तिमा पनि दुई चार लाख माथि नै जाने अनुमान गर्न सकिन्छ।

सहरी बाटो, अफ रोड र ठाडै उकालोमा सहज यात्रा गरेपछि हामीले टियागोलाई मूल्यका आधारमा अब्बल ठहर्‍यायौं। जुन मूल्यमा टियागोलाई बजारमा उतारिएको छ त्यसले पूरापूर मूल्य दिन्छ भन्न कुनै कोणबाट पनि हिच्किचाउनु पर्दैन। त्यसमाथि टाटाले टियागोमा फिचर अनुसार भेरिएसन्स उपलब्ध गराएकै छ।

विद्युतीय गाडीको पर्फर्मेन्स चलाउने व्यक्तिको ड्राइभिङ शैलीमा पनि निर्भर रहन्छ। कम्पनीले जति रेन्ज दिने दाबी गर्छ त्यो सडकको अवस्था, मोटरको क्षमतासँगै चलाउने शैलीबाट पनि निर्देशित हुन्छ।

सहरी क्षेत्रका लागि डेडिकेटेड टियागोको हामीले असहज बाटोको यात्रा सजिलै पार लगायौं, त्यो पनि सजिलै। त्यसैले मूल्य अनुसार लामो दुरीको यात्रा गरिरहनुपर्ने छैन भने यो तपाईंको लागि उपयुक्त हुनसक्छ। हाम्रो यात्राले त्यही निचोड निकालेको छ।

# नेपाली बजारमा पनि उपलब्ध एथरमा हिरोले बढायो हिस्सा, १ अर्ब ४० करोडको सेयर खरिद




नेपाली बजारमा समेत उपलब्ध भारतीय विद्युतीय स्कुटर ब्रान्ड एथर ईनर्जीमा हिरो मोटरकोर्पले आफ्नो हिस्सा बढाएको छ। कम्पनीले १ अर्ब ४० करोड भारु लगानी थप गर्दै एथरमा आफ्नो सेयर हिस्सा ३९.७ प्रतिशतमा पुर्‍याएको हो। यसअघि हिरोसँग एथरको ३६.७ प्रतिशत सेयर हिस्सा थियो।

थप सेयर अधिग्रहण ३१ जनवरी २०२४ सम्ममा सम्पन्न हुने नियामक फाइलिङमा भनिएको छ। विद्युतीय दुई पाङ्ग्रे सवारी साधनको निर्माता एथरले पनि भारतीय सेयर बजारमा सूचीकृत गर्ने लक्ष्य राखेको छ। सीएनबीसी-टीभी१८ को रिपोर्ट अनुसार सूचीकरण अर्को वर्ष दिवाली वा सन् २०२५ को सुरुमा हुन सक्छ। उसले यसमा आफ्नो र्‍याङ्किङ बनाउने योजना र मूल्याङ्कनमा इनपुट खोज्न थालिसकेको छ।

हाल, हिरोले भारतमा विद्युतीय दुई पाङ्ग्रे सवारी साधनको १२ प्रतिशत बजार हिस्सा ओगटेको छ। यस महिनाको सुरुमा हिरोले फाष्ट-चार्जिङ नेटवर्क निर्माणको लागि एथर इनर्जीसँग साझेदारी गरेको थियो। साझेदारीसँगै ईभी प्रयोगकर्ताहरूले भारतभर भिडा र एथर ग्रिडहरू प्रयोग गर्न पाउनेछन्। दुई कम्पनी मिलेर १०० भन्दा बढी सहरमा १ हजार ९०० भन्दा बढी फास्ट चार्जिङ पोइन्टहरू स्थापना गर्ने योजना बनाएका छन्।

यस वर्षको सुरुवातमै एथर इनर्जीले हिरो मोटोकर्प र जीआईसीबाट नयाँ कोषमा ९०० करोड भारु उठाएको थियो। हिरोले जनवरी २०२२ मा १२ करोड ८० लाख डलर उठाउनको लागि लगानीको राउन्डमा पनि भाग लिएको थियो।

यसबाहेक, एथरको आफ्नै चार्जिङ पूर्वाधार पनि छ। विद्युतीय इनर्जी (ब्याट्रीको रूपमा ऊर्जा सहित) भण्डारण, वितरण र व्यवस्थापन र अन्य सहायक सेवाहरूमा पनि कम्पनी संलग्न छ।

यसैबीच, मोटरसाइकल र स्कुटरको विश्वको सबैभन्दा ठूलो उत्पादक हिरोले अहिले विभिन्न क्षेत्रहरूमा विश्वव्यापी अनुभव भएका दुई वरिष्ठ कार्यकारीहरूको नियुक्तिसँगै आफ्नो नेतृत्व टोलीलाई थप बलियो बनाएको छ। कम्पनीले विवेक आनन्दलाई प्रमुख वित्तीय अधिकृत (सीएफओ) र रचना कुमारलाई प्रमुख मानव संसाधन अधिकारी (सीएचआरओ)मा नियुक्त गरेको छ।

# निसानले चीनमा उत्पादित ईभी विश्व बजारमा निर्यात गर्दै, बीवाइडीसँग गर्नेछ प्रतिस्पर्धा

जापानी अटोमेकर निसान मोटर्सले चीनमा उत्पादित इलेक्ट्रिक भेहिकलहरु विश्व बजारमा निर्यात गर्ने भएको छ। निसान मोटर्सले आइतबार उक्त जानकारी दिएको हो।

यसको लागि स्थानीय स्रोतसाधन प्रयोग गरेर विद्युतीकरणमा अनुसन्धान र विकासलाई गति दिन चीनको विश्वविद्यालयसँग सम्झौता गरेको कम्पनीले बताएको छ।

बेइजिङमा पत्रकारहरुसँग कुरा गर्दै निसान मोटर्सका उपाध्यक्ष तथा निसान चाइनाका अध्यक्ष मासाशी मात्सुयामाले हालको इन्टरनल कम्बसन इन्जिन भेहिकल र चीनमा उत्पादन र विकास गरिएका पूर्ण विद्युतीय र प्लगइन हाइब्रिड कारहरु विदेशी बजारमा निर्यात गर्ने तयारी गरिरहेको बताए।

निसानले बीवाइडी जस्ता चिनियाँ प्रतिद्वन्द्वीहरुकै बजारमा कार निर्यात गर्ने लक्ष्य राखेको उनले बताए।

चीनमा निर्मित कारहरूको निर्यातलाई विस्तार गरेर कम उत्पादन लागत र चिनियाँ कारखानाहरूको क्षमता उपयोग गर्ने टेस्ला, बीएमडब्लू र फोर्ड लगायत विदेशी ब्रान्डहरुकै बाटोमा निसान पनि लागेको हो।

यो वर्षको पहिलो १० महिनामा निसानले विश्वभर २८ लाख कार बिक्री गरेको थियो। जसको २० प्रतिशत हिस्सा चिनियाँ बजार थियो। तर गत वर्ष सोही अवधिमा चिनियाँ बजारले एक तिहाई हिस्सा ओगटेको थियो।

निसानलाई विश्वकै ठूलो अटोबजार बन्दै गरेको चीनमा अन्य स्थानीय ब्राण्डसँग प्रतिस्पर्धा गर्न भने हम्मेहम्मे परेको छ। स्थानीय ब्राण्डहरुको लोकप्रियता, मूल्यमा चर्को प्रतिस्पर्धा र ईभीतर्फको तीव्र ट्रान्जिसनले निसानले चिनियाँ बजारमा चुनौती सामना गरिरहेको छ।

# काठमाडौंको संस्कृति बोक्दै : काठमाडौं रेजर्सको टिम बस




**काठमाडौं–** काठमाडौं रेजर्सको टिम बस सहरको समृद्ध संस्कृति अभिव्यक्त गर्ने जीवन्त प्रमाणको रूपमा खडा भएको छ। यसमा बनाइएको प्रतीक सम्पदा र विजयको गतिशील संयोजन बनेको छ।

प्रशिक्षक बालगोपाल महर्जनले प्रतीकमा समेटिएका अलंकारका तहहरू उधिन्दै त्यसका अर्थ खोले, जहाँ काठमाण्डुको समृद्ध इतिहास र टिमको विजय जनाउने तारा र गरुड एकसाथ समेटिएका छन्। यस प्रतीकको केन्द्रमा रहेको गरुडको विश्व सम्पदा स्थल हनुमानढोकामा रहेको प्रतिमासँग गहिरो सम्बन्ध छ। यस प्रतीक काठमाडौंको इतिहासप्रति दृश्यको माध्यमबाट व्यक्त असीम श्रद्धाभाव हो।

गरुड एक चरा मात्र नभएर काठमाडौंको समृद्ध सम्पदासँगको हाम्रो समर्पण र गहिरो सम्बन्धको जीवित प्रमाण पनि हो। तारा र गरुड सहितको यस प्रतिक इतिहासमै अडिएर बसेको छैन, बरू यो त विजयको जीवित प्रतीकका रुपमा आज पनि उत्तिकै सान्दर्भिक रहेको छ। नेसनल सुपर लिगको उद्घाटन सत्रमा टिमको शानदार जितपछि लोगोमा रहेका तारा सफलताको ज्योति बनिसकेका छन्।

यात्रालाई सुरक्षित बनाऔं।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस